साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४३ अंक १४ २०८१ कात्तिक २० गते मंगलबार (Nov. 5, 2024) मूल्य रू. १०/-

## मोदीद्वारा नेपालकै अपमान

मोदीले नेपालको अपमान गर्दा ओलीमाथि खिसिट्यूरी गरेर काखी बजाउनु यी कस्ता पार्टी हुन् ? प्रम ओलीले परराष्ट्रमन्त्री डा.आरजु देउवालाई दिल्ली भ्रमणमा पठाए । दिल्लीले रेड कार्पेट नै बिछ्याएर परराष्ट्रमन्त्रीको स्वागत गऱ्यो । परराष्ट्र प्रम मोदीले विशेष भेटवार्ता पनि गरे । परराष्ट्रमन्त्रीले नेपालका प्रम ओलीको नेपाल भ्रमणको निम्तो हस्तान्तरण पनि गरिन् । तर मोदीले ओलीप्रति यति गैरमैत्री ब्यवहार देखाए कि दिल्ली भ्रमणको निम्तोसम्म पनि दिएनन् । यथार्थमा मोदीले ओलीप्रति गरेको गैरमैत्री व्यवहार थिएन यो, यो त नेपालकै अपमान गरेको थियो ।





## दशैं र तिहारमा सद्भाव भड्काउने दुस्साहस




दशैं र तिहारमा रौतहटलगायतका तराईका केही ठाउँमा सामाजिक र राष्ट्रिय सद्भाव बिथोल्ने प्रयास देखियो । हिन्दूचाड मान्दैनौं भनेर जुलुस नै निकालियो, रौतहटमा त राष्ट्रिय झण्डाको रङ् नै हरियो बनाएर अपमान गरियो । यथार्थमा यी दुबै प्रयास नेपाली सदभाव र राष्ट्रियतामा चोट पुऱ्याउन गरिएको थियो ।

यस्ता कुनै पनि प्रयास अस्वीकार्य छन् । जनताले खासै चासो पनि दिएनन् । तर दुस्साहस गर्नेले गरे, दुर्भाव छर्ने प्रयास गरेकै हुन् । यस्ता कार्यहरूप्रति राज्य संवेदनशील हुनुपर्छ । सद्भाव बिथोल्ने कुनै पनि कार्यलाई छुट दिनुहुन्न । राजनीतिक आस्था आफ्नो ठाउँमा छ, राजनीतिलाई सामाजिक, धार्मिक, सांस्कृतिक आस्थामा चोट पुऱ्याउने साधन बनाउने छुट कसैलाई पनि छैन । सामाजिक सद्भाव र राष्ट्रियताप्रतिको समभाव सबैको सामुहिक कर्तव्य हो भन्ने बुझ्नु जरूरी छ ।

# पवन चामलिङको सुझाव

१९७५ मा भारतले षडयन्त्रपूर्वक सिक्किमलाई भारतमा मिलाइदियो । सिक्किमका ३२ मध्येका ३१ सांसदले संसदमै भारतको प्रान्त बन्न मञ्जुर गरेर प्रस्ताव पास गरेका थिए । यो प्रस्ताव पास नहुन्जेल इन्दिरा गान्धीले ठूलो महत्वका साथ सिक्किमी नेताहरूलाई भेट्ने गरेकी थिइन् । जब सिक्किम भारतमा बिलय गराइयो, त्यसपछि हजार प्रयास गर्दा पनि सिक्किमका नेताहरूलाई इन्दिरा गान्धीले भेट दिइनन् । उनले सन्देश पठाइन्- तिमीहरू आफ्नै देशका हुनसकेनौं, कसरी हाम्रा हुनसक्छौ र ?

त्यसपछि सिक्किमी नेताका अगुवा लेण्डुप दोर्जी र उनका सहयोगीहरू ठूलो गल्ती भएछ भनेर पछुताउ गर्न थाले, आमनागरिकले तिनलाई देख्यो कि थुक्न थाले । मुखै देखाउन नसक्ने खालको अपमानको विषको प्याला पिएर सिक्किमी नेताहरू बाँचुन्जेल बाँचेर मरे, मरेपछि सराप भोगिरहेका छन् ।

सिक्किमको राष्ट्रिय फूल थियो सुनाखरी । सुनाखरी फूल्छ, अहिले पनि मौसम मौसममा फुल्छ तर फुल्छ र झर्छ । सिक्किम भारत भयो, सुनाखरीले अस्तित्व गुमायो ।

पवन चामलिङ त्यही भारत सिक्किमका सबैभन्दा लामो समय मुख्यमन्त्री रहेका व्यक्तित्व हुन् । उनले सिक्किम डेमोक्र्याटिक फ्रन्ट नामक पार्टी खोलेर पटक पटक चुनाव जिते, लामो



समय पदमा बसे र जनताको सेवा गरे । उनी सिक्किमी समाजमा आज पनि लोकप्रिय रहेका छन् । उनी १९९४ देखि २०१९ सम्म मुख्यमन्त्री रहेका थिए । पवन चामलिङ सिक्किम गएका नेपालीलाई आदरका साथ भेट्छन्, उनी आफै पनि अवसर अवसरमा नेपाल आउने गर्छन् । गतहप्ता विश्व साहित्य समिट २०२४ को अवसर पारेर पवन चामलिङ नेपाल आएका हुन् । उनले साहित्यकार, लेखकहरूलाई मात्र होइन, कवि प्रधानमन्त्री केपी ओलीसँग पनि भेटवार्ता गरेका छन् ।

जहिले जहिले पवन नेपाल आउँछन्, उनले मनका कुरा राख्ने गरेका छन् । यसपटक पनि उनले नेपालीलाई सन्देश दिएका छन्- म प्रजातान्त्रिक सिक्किमको पूर्वमुख्यमन्त्री हुँ । अर्थात् सिक्किमसँग प्रजातन्त्र छ, स्वतन्त्रता छैन । सिक्किम स्वतन्त्र राष्ट्र होइन । भारतको एक प्रान्त हो सिक्किम । पवनको अभिव्यक्तिभित्रको व्यथा नेपालीले कहिले बुझ्ने ? कति गहिरो सन्देश दिएका छन् उनले ।

नेपालीसँग नेपाल छ । अमेरिकाभन्दा पनि जेठो मुलुक हो नेपाल । कहिल्यै कसैको उपनिवेश बन्न नपरेको, पुर्खाले स्वराज जोगाइदिएको स्वतन्त्र नेपालसँग हामीसँग । यतिखेर नेपालीसँग नेपाल छ, प्रजातन्त्र पनि छ । यी दुबै विशेषतालाई जोगाएर अघि बढ्ने क्षमताको विकास जरूरी छ । ठूला दुई देशवीचको चेपोमा थियो नै, अब भूराजनीतिको भूमरीमा पनि परिसकेको छ नेपाल । विश्वशक्तिको राडारमा परेको नेपालले आफ्नो अस्तित्व बचाउनका लागि चलाखी र क्षमता, परम्परागत समदूरीको नीतिको सन्तुलन अति जरूरी छ । यही सन्तुलनमा नेपालको स्वतन्त्रता र प्रजातन्त्र अक्षुण्ण रहनसक्छ । तर हाम्रो नेतृत्वले विश्वभाइचाराको जुन संचिति थियो, त्यो समाप्त पार्दै लगेका छन् । आन्तरिक रूपमा राजनीतिक दिवालीयापन र बाह्य रूपमा कूटनीतिक असक्षमताका कारणले नेपालको नीति, नेतृत्वको नैतिकता र लोकतन्त्रका महिमाहरू खण्डित हुँदै गएका छन् । स्वावलम्बन त्यागेर परजीवीपन अपनाउनु र चरित्र त्यागेर राजनीतिलाई व्यापार बनाउनुले पनि नेपालको नीति, नैतिकता र व्यक्तित्वमा खिया लाग्दै गएको छ । विश्व भनिरहेको छ, नेपाल स्वर्गको टुक्राजस्तो छ । हामीले यो स्वर्गलाई मगन्ते बनाइसकेका छौं ।

सिक्किमका पूर्व मुख्यमन्त्रीको सन्देश र संकेतलाई हामीले बुझेनौं भनेर हाम्रो सर्वस्व जसरी कालापानी, लिम्पियाधुरा बिनष्ट भएर गयो, त्यसैगरी बाँकी भूभाग र भूभागमाथिको स्वरूाज गुम्ने जोखिम बढ्नेछ । यसका लागि स्वाभिमान जगाउनु जरूरी छ । जब कि नेतृत्वपंक्तिमा स्वार्थमात्र भरिभराउ छ भने नेपालीको स्वाभिमान खतरामा पर्नु स्वभाविक छ ।

पुर्खाले नेपाल बनाइदिए । नेतृत्वले लोकतन्त्र पनि ल्याएका छन् । तर चरित्र निर्माण गर्न सकेनन् । चरित्रमा ध्यान नदिने, नैतिकतामा नअड्ने हो भने भ्रष्ट बनेको वर्तमान पुस्ताले भावी पुस्तालाई साबुत नेपाल हस्तान्तरण गर्न सक्नेछैन, पछुताउने दिन नआओस्, सावधान ।

## संस्कृत पाठशालामा सिकेको शिक्षा



नेपाली कांग्रेसले राजनीतिक भागबण्डामा पाएको पदभाग थियो राष्ट्रपति । यही राष्ट्रपति पदमा नियुक्ती पाए रामचन्द्र पौडेलले ।

रामचन्द्र पौडेल संस्कृत पाठशाला अर्थात भाते पाठशालामा टुप्पी कसेर पढेका बाजे हुन् । तर राष्ट्रपति बनेपछि उनले बाजे मर्यादा भुलेका छन् । लक्ष्मीपूजाका दिन गाईपूजा गर्दा राष्ट्रपति रामचन्द्र पौडेलले छालाको जुत्ता लगाएर गाईपूजा गरेका छन् । गाई, भैंसी जुनसुकै जनावरको छाला भए पनि छालाको जुत्ता लगाएर पूजाआजा गर्न बर्जित छ भन्ने पूजाविधि रामचन्द्र पौडेलले बिर्सेकै हुन् त ?


## सयको नोटमा चुच्चे नक्सा

चुच्चे नक्सा छापिएको बुकलेट लुकाएको केपी ओली सरकारले यतिबेला चुच्चे नक्सासहितको सयको नोट छाप्ने निर्णय गरेर चीनको कम्पनीलाई छाप्ने जिम्मा दिएको छ । चीनको कम्पनीलाई नोट छाप्न दिएपछि भारत सगबगाएको छ । एक त प्रम ओलीलाई भारत भ्रमणको निम्तो नदिएको भारत, यो नोट छाप्ने प्रकरणपछि सम्बन्ध थप चिस्सिने खतरा बढेर गएको छ ।

राष्ट्र बैंकले बोलपत्र आह्वान गर्दा चीनको चाइना बैंक नोट प्रिन्टिङ एन्ड मिन्टिङ कर्पोरेसनले सबैभन्दा कम बोलकबोल गरेकाले १०० रूपैयाँको नोट छाप्ने, आपूर्ति तथा डेलिभरि गर्ने जिम्मा चीनले पाएको हो । नेपाल राष्ट्र बैंकका अनुसार, हाललाई पहिलो चरणको काम सकिएको छ । चीनले चुच्चेनक्सासहितको नोट छाप्ने आदेश पाएपछि नेपाल भारत सम्बन्धमा थप खटपट आउने खतरा छ । विज्ञहरू भन्छन्- नेपालले हतारमा यसरी नोट छापेर चिढाउनु भन्दा पनि कूटनीतिक क्षमता र चातुर्यताका साथ नेपाल भारतवीचका संवेदनशीलतालाई संवोधन गर्नुपर्थ्यो । भारतले कालापानी, लिपुलेक, लिम्पियाधुरामा जतिसुकै अटेर गरे पनि नेपालले आफ्नो हकाधिकार जनाउने प्रयत्नमा कमी आउन दिनुहुन्न । जबदेखि भारतले चुच्चेनक्सामाथि कब्जा जमाएको छ, संसदमा समेत छलफल नहुनु लोकतन्त्रकै दुर्भाग्य हो ।




## लोप हुँदै जान थाल्यो रोटेपिङ



लिङ्गेपिङ र रोटेपिङ दशैं तिहारका विशेषता थिए । चङ्गा उडाउने प्रचलन घटेर गयो भने द्यौसीभैलोको परम्परा पनि घटेर गएको छ । संस्कृति र परम्परा यसरी लोप हुँदै जानु भनेको नेपाली संस्कृति समाप्त हुनु हो । यसबारेमा समाजशास्त्रीहरू किन मौन छन् । कसरी संस्कृति जोगाउन सकिन्छ, चिन्ता र चासो पनि कम छ ।


## रूसको ताकेता पछि ताकेता, नेपाल मौन


रूसले नेपालसँग सहकार्यका लागि ताकेतापछि ताकेता गरिरहेको छ । १९ महिनाको अवधिमा तेस्रोपल्ट रूसले नेपाललाई सहकार्यका लागि आग्रह गरेको हो ।

२०२३ अप्रिल १९ देखि अप्रिल २३ सम्म राष्ट्रिंय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनालाई निम्त्याएर रूसको फेडेरेसन काउन्सिलकी अध्यक्ष, रूसको माथिल्लो सदन, भ्यालेन्टिना मातभियेन्को, रूसको तल्लो सदनका अध्यक्ष, राज्य डुमा, व्याचेस्लाव भोलोडिन र रूसका उपप्रधानमन्त्री दिमित्री चेर्निशेन्कोले १३ परियोजनामा नेपाललाई सहयोग गर्न चाहेको विषयमा विशेष छलफल गरेका थिए । यस सम्बन्धमा राष्ट्रिय सभाका अध्यक्षको कार्यालयले निकालेको विज्ञप्तिमा भनिएको थियो- रूसले **काठमाडौँमा इस्ट-वेस्ट इलेक्ट्रिक रेलवे र नेपालको मुख्य पर्यटकीय गन्तव्य पोखरालाई नजिकैका पर्यटकीय स्थलहरूसँग जोड्ने पोखरा-रिडी सडक** निर्माण, बाल क्यान्सर अस्पताल, छात्रबृत्ति र अन्य १३ विभिन्न परियोजनामा सहयोग गर्न सकिने प्रस्ताव नेपाल सरकारलाई पठाएको थियो । त्यसपछि २१ अगस्त २०२३ मा नेपाल सरकारसँग मेट्रो परियोजना मागेको थियो । नेपाल रूसवीच २००२ मा रोकिएको हवाई यातायात पुनः सञ्चालन गर्न पनि आग्रह गरेको थियो । रूसले पहाडी अवस्थामा उपयोगी रूसी हेलिकोप्टर डेलिभरिको इच्छा प्रकट गरेको थियो । तर रूसी आग्रहलाई नेपालले आजसम्म जवाफ दिएको छैन ।



यसपछि नेपालस्थित रूसी दूतावासले २०२३ मे ४ मा पून नेपाल सरकारलाई १३ परियोजना प्रस्तावबारे प्रतिकृया पठाउन आग्रह गरेका थियो । नेपालले कुनै प्रतिकृया नजनाएपछि रूसी दूतावासले पुनः नेपाल सरकारलाई रूसी सद्भावबारेमा जान्न चाहेको सन्देश दिएको छ । तर नेपालले अझै रूसी प्रस्तावबारेमा मुख खोलेको छैन । नेपाल कतिसम्म विश्वशक्तिको दबाबमा छ भन्ने कुराको संकेत नेपालको मौनता हो । भूराजनीतिको चक्रव्यूहबाट नेपाल निस्कने कि ननिस्कने ?





# अमेरिका भन्छ नेपालमा कम्युनिष्ट छैनन्

सगरमाथा चिनाउन यतिको खप्पर बोकेर बृटेन घुम्ने, लुम्बिनीको बोधिबृक्ष काटेर पिर्का बनाउँदै चीन, जापान, बर्मा, कोरियासम्म पुऱ्याएर डलर आर्जन गर्ने धार्मिक व्यापारीहरू बुद्धलाई लाभ र लालचको साधन बनाइरहेका छन् । मानौं, लुम्बिनीमा बुद्ध जन्मिदिनु भनेको कौडीपिचास, हन्तकालीहरूका लागि भण्डारखालको भण्डारा खुलेजस्तो भएको छ । नेपालमा बौद्ध विश्वविद्यालय स्थापना भइसक्यो। थुप्रै बौद्ध संघ, संस्थाहरू पनि छन् । निर्वाचित राष्ट्रपति छन्, उपराष्ट्रपति छन्, थुप्रै दलहरू छन्, पक्ष-विपक्ष छन्, सरकार पनि छ। सरकारले बृहत्तर लुम्बिनी विकासका लागि मेजर पार्टी एमाओवादीका अध्यक्ष प्रचण्डकै अगुवाईमा समिति पनि बनाएको छ । जुत्तामा बुद्धको तस्वीर राखेर अमेरिका नेपाली आस्थामाथि आक्रमण गर्दै अपहेलना गरिरहेको छ, अहँ सबै मरेतुल्य छन्, कोही प्रतिक्रिया व्यक्त गर्दैनन् ।

नेपालका लागि पूर्व अमेरिकी राजदूत माइकल इ. मिलोनोभ्स्की, जेम्स एफ मोरिआर्टी, स्कट डेलिसी र अलाइना बी टेप्लिजले भनेका थिए- नेपालका कम्युनिष्टसँग कुनै डर मान्नुपर्दैन किनभने नेपालमा असली कम्युनिष्ट नै छैनन् । गठबन्धन सरकारको चर्तिकला देखेपछि अब कसैलाई सोध्नै पर्दैन- हो कि होइन ?

# विदेशीले स्वदेश मिच्दा पनि मौनता




चीनले डोक्लामबाट भारतीय सेना हट्न बाध्य पाऱ्यो । हामीले हटाउ भन्न सकेनौं, भारतले कालापानीबाट सेना हटाएन । भारतले उल्टै कालापानी, लिपुलेकमात्र होइन, काली नदीको उद्गम लिम्पियाधुरा समेत आफ्नो नक्सामा हाल्यो, शासन स्थापित गऱ्यो । नेपाल, चीन, भारतबीचको त्रीदेशीय बिन्दु लिम्पियाधुराबारे चीन बोलेको छैन । लिपुलेकबाट व्यापार गर्न अग्रसर छ । नेपालको गठबन्धन सरकार, समाजवादी, जनवादी, प्रजातन्त्रवादीहरू नेपालको सीमा अतिक्रमणबारे बोल्न तैयार छैनन् ।

यति निर्लज्ज पनि लोकतान्त्रिक सरकार हुनेरहेछ ।

# नेताहरूको जिब्रो किन तालुमा टाँसियो ?

१९०३ मा २९ वर्षे जंगबहादुर राणाले कोतपर्व नै गरेर जहाँनिया राणा शासनको जन्म गराए । यो राणा शासन फालिन १०४ वर्ष लाग्यो, बल्ल २००७ सालमा प्रजातन्त्रको उदय भयो । दिल्ली पुगेपछि राणाहरू बाठो बन्दै बालक ज्ञानेन्द्रलाई गद्दीमा राखेर 'सानो महाराज' बनाइसकेकाले भारतीय दूतावास भएर दिल्ली पुगेका त्रिभुवनलाई नेहरूले बाध्य भएर पो फर्काएका थिए कि ? राणाहरूको उपरलाउके कामले पो नेपाल त्यतिबेला बाँचेको थियो कि ? पछि नेहरूले किन हिमालय हाम्रो उत्तरी सीमा भने ? भारतीय मेलेट्री साइन्सका ज्ञाता कर्नल गौतमले आफ्नो पुस्तकमा '२००७ सालमा नेपाललाई भारतमा नमिलाएर हिमालय भूल गरेको उल्लेख गरेका छन् ।' यो इतिहास हो, बढ्दो विदेशी चलखेल, हस्तक्षेप र विदेशपरस्त नेताको वर्तमान हाम्रा आँखासामु छर्लङ्ग छैन र ? युग कवि सिद्धिचरण बितेर गए तर उनले लेखेका थिए 'कति दिन चल्ने छ यो बेढंगको चाला, बालुवाको घरजस्तै भत्किने छ सारा ।' युग कविले भनेझैं सारा भत्किदै भत्किदै गएको हेर्नुपरेको छ ।




# गोर्खालीलाई रम ख्वाएर लडाइयो, मारियो

डा.युवराज संग्रौलाले लेखेका थिए- प्रथम विश्वयुद्धमा ५० लाख जनसंख्या भएको नेपालका २ लाख युवा सामेल थिए, तिनलाई बृटेनले घोडालाई खुवाउने रम पिलाएर बर्माको मोर्चाबाट युद्धमा होम्यो । जापानले एकैरातमा १२ हजार नेपाली युवालाई मारिदियो । दोस्रो विश्वयुद्धमा ४ लाख नेपाली युवा लडे, माण्डले भन्ने ठाउँमाहजारौं मारिए । गोर्खालीको त्यो इतिहास, आजको बृटेनको नीति पढ्ने, बोल्ने र गोर्खा भर्ति रोक्ने साहस एमाओवादीमा पनि देखिएन । वास्तवमा एसडीमुनीले



काठमाडौं आएर जे बोले, उनको किताबमा जे लेखे, वास्तवमा नेपालको राष्ट्रियता चकनाचूर पार्ने ऐना त्यही मनोवृत्ति हो । हाम्रा कुनै एकलव्य नेता, कुनै अर्जुनदृष्टिवाला नेता, कुनै शिखर नेता, कुनै सौम्य नेता छन् । बुद्धिजीवीहरू हरेक दिन बुद्धि बगारिरहेका भेटिन्छन् । नागरिक समाज र अधिकारकर्मीहरू टीभीमा रंगीविरंगी दलका रङमा रङ्गिएर अधिकारका भाषण गरिरहन्छन् । देशको अधिकार, देशको पहिचान, देशको गौरवको विषयमा यिनीहरू बोल्नथाल्ने कहिले ?

# ०६३ को परिवर्तनको असफलता र भावि संकेतहरू



डा. केशव देवकोटा

नेपालमा बिभिन्न किसिमका राजनीतिक बिवाद र आर्थिक संकट बढिरहेकै बेला हाल आएर कतिपयले देशको अस्थित्वमाथि नै प्रश्न उठाउने प्रयास गरेको देखिएको छ । ०६३ को परिवर्तनपछि सत्ता र शक्तिमा आएका केही पार्टी, शक्ति र तिन्का नेताहरूले नेपाल र नेपालीको अस्थित्वनै समाप्त पार्ने किसिमका गतिबिधिहरू गरेका कारण उपरोक्त खालको प्रश्न उठेको हुनसक्छ । तर बिद्यमान राष्ट्रिय र अन्तराष्ट्रिय परिस्थितिभने भिन्न ढंगले विकसित हुँदैगएको देखिएको छ । गतसाता १५ गते सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरूङले एमाले बागमती प्रदेश सम्पर्क कमिटीद्वारा काठमाडौंमा आयोजित देउसी-भैलो कार्यक्रममा बोल्दै प्रम ओलीलाई एक्ल्याउने षड्यन्त्रविरूद्ध प्रतिवादगर्न एमालेका नेता तथा कार्यकर्ताहरूलाई सचेतसमेत गराउनु भएको थियो । उहाँले देशी/विदेशी प्रतिक्रियावादीहरू प्रधानमन्त्री ओलीलाई पदबाट हटाउने अभियानमा रहेको टिप्पणी गर्नुभएको थियो । तर उहाँको भनाई पुष्टि हुने खालका कुनै पनि गतिबिधिहरू देखिएका छैनन् । किनकी बर्तमान सरकार नेपाली कांग्रेस, त्यो पनि सो पार्टीका सभापति शेरबहादुर देउवाको चाहना र पहलमा गठन भएको हो । खासमा ०७९ मंसिर चारको निर्वाचनले नेपाली कांग्रेसको नेतृत्वमा एमालेसहितको द्विदलीय सरकार गठनका लागि जनादेश दिएको थियो । त्यतिबेला नै नेकां र एमालेले मिलेर सरकार गठन गर्न/गराउन सकेको भए देशमा हालको अवस्था आउने थिएन । त्यतिबेला एमालेले नेपाली कांग्रेससँग मिलेर सरकार गठन गराउने प्रयास पनि गरेकै हो । तर नेपाली कांग्रेसका केही नेताहरूले माओवादी केन्द्रलगायतका दलहरूको समर्थनमा अल्पमतको एकल सरकार गठन गराउने प्रयासगर्दा स्थिति फरक ढंगले अगाडि बढेको थियो । जसको फाइदा माओवादी केन्द्रका अध्यक्ष दाहाललाई मात्र प्राप्त भयो । फलस्वरूप उहाँको नेतृत्वमा करिव १९ महिना शासन चल्यो । ०६२ मा दिल्लीमा भएको १२ बुँदे सहमतिपछि दाहालको मुख्य प्रयास भनेको नेपालका कम्युनिष्टहरूलाई जसरी पनि छिन्नभिन्न बनाउने र नेपाललाई आर्थिक, सामाजिक र राजनीतिकरूपमा अस्तब्यस्त बनाउँदै बिघटनमा पुऱ्याउनेमा केन्द्रित रहँदैआएको छ । त्यसैले उहाँले आफ्नो शासन कालमा सोही रणनीतिअनुसार कामगर्नु भएको थियो । कहिले एमाले र कहिले नेपाली कांग्रेससँग मिलेजस्तो गरेर उहाँले नेपालमा काफि हदसम्म आर्थिक, सामाजिक र राजनीतिक संकट बढाउने काम गर्नुभएको स्पष्ट छ । पछिल्लो समयमा खासगरी ०८१ को जेठमा भारतीय प्रधानमन्त्रिको सपथग्रहण समारोहमा भाग लिएर नेपाल फर्केपछि तत्कालीन प्रधानमन्त्रि दाहालले नेकां र एमाले सहितको सरकार पुनरगठन गरेर आफू पाँचैबर्ष प्रधानमन्त्रि हुने पहल थालेपछि बर्तमान सरकार गठनको संभावना देखापरेको हो । त्यसैले बर्तमान सरकार बाध्यताको उपज भएकाले यो सहजै सत्ताबाट हट्ने देखिएको छैन ।

नेकांका सभापति देउवाले सरकारको १०० दिन पुगेको उपलक्षमा दिनुभएको प्रतिक्रियामा पनि सरकार पूर्बनिर्धारित अवधीसम्म टिक्ने बताउनु भएको थियो । पछिल्लो समयमा उहाँले गत १७ गते भक्तपुरमा आयोजित आफ्नै पार्टीको एक कार्यक्रममा पनि सरकार सफल रहेको र तोकिएको अवधीसम्म टिक्ने बताउनु भएको थियो । त्यसैगरी प्रधानमन्त्रि केपी ओलीले पनि आफूले तोकिएको मितिमा सत्ता हस्तान्तरण गर्ने बताउँदै आउनु भएको छ । यसअघि परराष्ट्रमन्त्रि डा. आरजु देउवा भारत भ्रमणमा जाँदा भारतले प्रधानमन्त्रि स्तरको आथित्य दर्शाएकोभनेर नेपालमा कोकोहोलो गरिएको थियो । अब आगामी मंसिरमा प्रधानमन्त्रि ओली चीन भ्रमणमा जाने हुनुभएको छ । उहाँलाई पनि चीनमा भब्य स्वागत हुने कुरामा कुनै शंका छैन । पछिल्लो समयमा नेपालमा बढ्दो अमेरिकी गतिबिधिका कारण चीन र भारतकाबीचमा एकता भएको देखिएको छ । उनीहरूले आपसमा रहेको सीमा बिवाद मिलाएका छन् । ०६२ को १२ बुँदे सहमतिले नेपालमा इन्डो पश्चिमा शक्तिको नीति निर्देशनअनुसार शासन ब्यवस्था चलेको थियोभने अब चीन र भारतको नेपाल नीतिअनुसारको शासन चल्ने संभावना देखापरेको छ । जसलेगर्दा मुख्यत नेपालको माओवादी केन्द्र एकाएक संकटमा परेको देखिएको छ । त्यसैले सो पार्टीले गत १० गते काठमाडौंमा सरकारको भण्डाफोरगर्न आयोजना गरेको कार्यक्रममा अध्यक्ष दाहाललेनै सरकारसँग मिलेर कामगर्ने घोषणा गर्नुपरेको थियो । त्यसपछिदेखि नै माओवादी केन्द्रका अध्यक्ष दाहालले देशको अस्थित्वमाथि संकट बढेकाले सबै मिलेर काम गर्नुपर्ने भाष्य निर्माण गर्नुभएको र त्यसैको प्रचार हुनथालेको देखिएको छ । खासमा दाहालको प्रयास यतिबेला आफ्नो पार्टीलाई जसरी पनि बर्तमान सरकारमै सहभागी गराउनेमा केन्द्रित रहन थालेको छ । उहाँको प्रयास एमालेका अध्यक्षलाई तत्कालै प्रधानमन्त्रिबाट हटाएर नेकांको नेतृत्वमा आफ्नो पार्टीसहितको राष्ट्रिय सहमतिको सरकार गठन गरेर संविधान संशोधनमा जानेभन्ने छभने मुख्यत नेपाली कांग्रेसले त्यसलाई स्वीकारगर्न सकिरहेको छैन । १२ बुँदे समर्थकहरूका बीचमा अन्तिम फुटहुँदा नेकां र एमाले एकातिर र माओवादी केन्द्र अर्कातिर भैसकेका छन् । माओवादी केन्द्रका अध्यक्ष दाहालले आफूलाई १२ बुँदे सहमतिका समर्थकहरूको संगठकभन्दै आएकोमा उहाँ पूरै असफल भएको देखिएको छ । हालको अवस्थामा दिल्लीमा भएको उक्त १२ बुँदे सहमति पनि असफल भैसकेको छ । त्यसैले सो सहमतिअनुसार बनाइएको ०७२ को संविधान र त्यसअनुसार नेपालमा स्थापना गराइएको बर्तमान राजनीतिक ब्यवस्था पनि असफल भएको छ । नेपालमा लागूगराइएको संघीय शासन, जातीय सामेशी र समानुपातिकसहितको मिश्रित निर्वाचन प्रणालीले यहाँ काफि हदसम्म अस्थिरताको सिर्जना गरेको छभने त्यसले छिकेकी चीन र भारतलाई पनि असर गरेको देखिएको छ । त्यसैले चीन र भारतकाबीचमा मिलन भैसकेको हालको अवस्थामा नेपालमा बिद्यमान राजनीतिक ब्यवस्था कायम रहने कुनै संभावना छैन । त्यसमा पनि संघीय शासनको अन्त्य अनिवार्य शर्त बन्दैगएको देखिएको छ ।

पृथ्वीनारायण शाहको शब्दमा 'दुई ढुंगाको तरूल'का रूपमा रहेका नेपालले आफ्नो ब्यवहार पनि सोहीअनुसार अख्तियार गर्नसक्नुपर्ने भएको छ । ०६३ को परिवर्तनपछि सत्ता र शक्तिमा आएकाहरूले नेपाललाई 'दुई ढुंगा बीचको डाइनामा' बनाउने प्रयास गरेका थिए । जसले नेपालको अस्थित्व पनि सदाका लागि अन्त्य हुन्थ्योभने दुई ढुंगाकारूपमा रहेका चीन र भारतजस्ता दुई ठूला मुलुकलाई पनि असरगर्ने अवस्था रहेको थियो । तर नेपालका दुई छिमेकीको मिलनले उक्त दुर्घटना हुनबाट नेपाललाई बचाएको छ । माओवादी केन्द्रका अध्यक्ष दाहालले यसअघिनै चीन, भारत र नेपालको अलग्गै संयुक्त गठबन्धन बनाउने जुन प्रस्ताव गर्नुभएको थियो, त्यो पनि नेपालको अस्थित्व समाप्त पार्ने अभिप्रायबाट प्रेरित थियो । नेपालले चीन र भारत दुबैसँग अलग, अलग सन्तुलित सम्बन्ध राखेको खण्डमा यसको अस्थित्व रहन्छ र विश्वमा नेपालको महत्व पनि बढ्छ । ०७९ पुस १० मा माओवादी केन्द्रका अध्यक्ष दाहालको नेतृत्वमा गठन भएको सरकारले त छिमेकी चीनलाई एक्ल्याउने र भारत र अमेरिकालाई मिलाउनेजस्तो उल्टो र राष्ट्रघाति नीति अगाडि सारेको थियो । त्यसैक्रममा उसले रूस-युक्रेन युद्धमा युक्रेनको र इजरायल-हमास युद्धमा इजरायलको समर्थनगर्नुका साथै प्यालेष्टाइनहरूलाई 'आतंककारी' घोषणसमेत गरेको थियो । त्यो तत्कालीन दाहाल नेतृत्वको सरकारको अमेरिकी सैन्य संगठन 'नेटो'लाई खुसी पार्ने साजिस थियो । पछिल्लो समयमा चीन र भारतकाबीचमा नयाँ सहमति र समझदारीको विकास भएपछि अमेरिकाले युक्रेनविरूद्ध जारी युद्धमा रूसलाई सघाउ पुऱ्याएको आरोपमा भारतका १९ वटा कम्पनीमाथि प्रतिबन्ध समेत लगाएको छ । अमेरिकाले भारतसहित बिभिन्न देशका करिब ४०० कम्पनी एवं व्यक्तिमाथि पनि प्रतिबन्ध लगाएको अवस्था छ । अमेरिकाको विदेश, अर्थ र वाणिज्य मन्त्रालयले संयुक्तरूपमा त्यस्ता कम्पनी र व्यक्तिहरूमाथि गत साता अक्टोबर ३० देखि प्रतिबन्ध लगाएको हो । अमेरिकी भूमिमा एकजना शिख नेता गुरपतवन्त सिंह पन्नूको हत्याको षड्यन्त्रमा एक भारतीय नागरिकको भूमिकालाई लिएर वाशिंटन र दिल्लीबीच तनाव सिर्जना भएकै बेला अमेरिकाले उक्त प्रतिबन्धको घोषणा गरेको थियो । उक्त प्रतिबन्धमा भारतकासाथै चीन, मलेशिया, थाईल्यान्ड, टर्की र संयुक्त अरब एमिरेट्सलगायत देशका कम्पनीहरू परेका छन् । जसले यस क्षेत्रमा अमेरिकाको नीति असफल भएको संकेतसमेत गरेको छ । साथै चीन र भारत लगायतका मुलुकहरूलाई आपसमा मिल्न बाध्य गराएको छ ।

अमेरिकाले एमसीसी र एसपीपीजस्ता परियोजना फिर्ता गर्नुको बिकल्प छैन । जो जसले नेपाललाई राष्ट्रिय र अन्तराष्ट्रियरूपमा अलग, थलग बनाउने तथा छिमेकीहरूबाट अलग्याउने प्रयास गरेका थिए, अब उनीहरूकै अस्थित्वमाथि प्रश्न उठेको छ । त्यसैले फेरी नेपालमा जनसरकार गठन भएको र जन कारवाही शुरूभएको प्रचार गराउन लागिएको छ । त्यस्तो प्रचार कस्को सौजन्यमा हुँदैछ ? भन्ने पनि सबैका सामु स्पष्ट छ । देशको हालको आवश्यकता भनेको आन्तरिकरूपमा राष्ट्रिय एकता, सहमति र शान्ति होभने अन्तराष्ट्रियरूपमा असंलग्न परराष्ट्र नीति र अशल छिमेकी नीति हो । त्यसका लागि कि त बर्तमान ०७२ को संविधान संशोधनका लागि सर्बदलीय र सर्बपक्षीय भेलाको आयोजना गरेर छलफल गराउनु पर्दछ किभने ०६३ को परिवर्तन पूर्णरूपमा असफल भएको घोषणागर्दै ०४७ को संविधान पुनस्थापना गराउने वातावरण बनाउनु पर्दछ । जसको अर्को बिकल्प छैन । यसबारे शुरूमा नेकां, एमाले र माओवादी केन्द्रलगायतका संसदमा रहेका दलहरूले खुल्ला दिलले छलफल गरून । भएनभने समयले आफ्नो सन्तुलन आफै मिलाउने छ । राजनीतिक ब्यवस्था असफल भएको कुरालाई देशकै अस्थित्वमाथि संकट आएको अर्थमा प्रचारगर्नु कोही कसैका लागि पिसावको न्यानो भनेजस्तो मात्र हो ।

**दूरसञ्चार उपभोक्ताहरुसंग सम्बन्धित गुनासो दर्ता गर्ने सम्बन्धी सूचना ।**

यस नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त गरी दूरसञ्चार सेवा प्रदान गरिरहेका सेवा प्रदायकहरुले प्रदान गरेको दूरसञ्चार सेवाका सम्बन्धमा समस्या भएमा दूरसञ्चार उपभोक्ताहरुले सम्बन्धित सेवा प्रदायकहरुलाई गुनासो गर्दा पनि समस्या समाधान नभएको खण्डमा यस प्राधिकरणको कार्यालयको सम्पर्क नम्बर तथा कार्यालयको इमेल मार्फत गुनासो व्यवस्थापन गरिँदै आएको छ । हाल दूरसञ्चार सेवाका सम्बन्धमा उपभोक्ताहरुको गुनासोलाई थप व्यवस्थित एवं प्रभावकारी बनाउनको लागि कार्यालयको सम्पर्क नम्बर तथा इमेलको अतिरिक्त गुनासो व्यवस्थापन प्रणाली (Complaint Handling System) समेत तयार गरी सोझै प्राधिकरणको Website मा राखिएको **"गुनासो व्यवस्थापन प्रणाली (Complaint Handling System)"** मा समेत गुनासो दर्ता गराउन सक्ने व्यवस्था गरेको व्यहोरा सम्पूर्ण दूरसञ्चार उपभोक्ता तथा सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागि अनुरोध छ ।

**नेपाल दूरसञ्चार प्राधिकरण, उपभोक्ता हित संरक्षण शाखा,**
**जमल, काठमाडौं, नेपाल ।**
**पो.ब.नं.: ९७५४**
**फोन: +९७७-१-५३५५४७४, ५३५४७१७, ५३५५६४९**
**फ्याक्स: +९७७-१-५३५५२५०**
**इमेल: ntra@nta.gov.np, वेबसाइट: www.nta.gov.np**

# मुक्तक लेख्ने प्रयासहरू : कहाँ गयो महाकाली टनकपुर बाँध ?



आत्मसमर्पण गर है सबै कसुरहरू अब
फ्यालेर मन मुटु भित्रका असुरहरू अब
सच्चा मनले आमालाई माया गर्छौभने
बनाउ सरकार सुन्दर तिनै पुरहरू अब ।

**- गंगा दहाल**



चोखो माया पवित्र बन्धन टुटाएर गयौ
कोमल थियो मेरो मुटु, छुटाएर गयौ
खुसि चाहेको थिएँ आँशु दिएर गयौ
धोका दिएको छैन भन्दै लुटाएर गयौ ।

**- अर्जुन अधिकारी**



गजल मुक्तक पढ्छु लेख्छु ध्यान छोडेको छैन
सदैव लेख्ने कोसिस गर्छु, रटान छोडेको छैन
कति मिले त्रुटी भए होलान्, अग्रज बताइदिनु
लेख्ने मेट्ने खेल खेल्दैछु, मैदान छोडेको छैन

**- सरस्वती तिवारी**



नुवाकोटको तारूकामा यो साल यिनलाई लानु
साँडे भइ जुध्न थालेछौ तिमी अब घाँस खानु
कालो कोट टाइसुटको बेइज्जत गर्नुसम्म गर्यौं
पापको घडा भरिएपछि यसैगरी भत्कन्छ है छानो ।

**- विद्या भण्डारी**



गिध्दहरू सिनु खान मनपराउँछन्
आपसमा लुछाचुडी गर्छन् कराउँछन्
आवाजै कर्कसा र घिनलाग्दो हुन्छ
सिनु सकिएपछि छिट्टै हराउँछन् ।

**- मुक्तिनाथ शर्मा**



खुकुरीले हानेका चोट आँखिर सहन्छु
म अचानो हुँ जस्तो सुकै पी सहन्छु
दुःख कष्ट दर्द पीडा सब लुकाएर यहाँ,
जे गर्न सिकाउँछ मेरो तकदिर सहन्छु ।

**- पारस भट्ट प्यासी**



मन्दिरबाटै गजुर गायब भयो भने हजुर
न्यायालयबाटै न्याय गायब भयो भने हजुर
के सत्य धर्म न्याय र विवेकको सत्ता मौन बस्छ त ?
कस्लाई कहाँ सुनाऊँ अन्यायीहरूको अत्याचार हजुर ।

**- रामेश्वर राउत मातृदास**



कहाँ गयो महाकाली टनकपुर बाँध ?
कहाँ गए पिलरहरू कति सऱ्यो साँध ?
कालापानी चुच्चे नक्शा खुम्चियो कि उस्तै
सुस्तातिर ठूला कुरा सेलायो कि सुस्तै ?

**- गुरूदत्त ज्ञवाली**



ऐना सामु उभिई हेर्दा आफैलाई सरम हुन्छ
सम्झनाको बतास चल्दा मनै गरम हुन्छ
जति कठोर हुन्छु भन्यो सक्दिन म कसैगरी
मनै न हो सिमलको भुवासरी नरम हुन्छ ।

**- शान्ता खवास**



थियो अपार माया छुट्यो म के गरूँ ?
विश्वासको ऐनाथियो फुट्यो म के गरूँ ?
पल पल मरेर बाँचेको बेलामा नहुँदा
सजाएको सपनी पनि टुट्यो म के गरूँ ?

**- सविना श्रेष्ठ**



मलाई केही लोभ छैन, सिङ्गो जीवन बाँच्न चाहन्छु
साँच्चै नढाँटी भन्छु, मृत्युसँग नडराई हाँस्न चाहन्छु
संसारमा जन्मेपछि कसैले अजम्मरी पाएको हुँदैन
बाँचुन्जेल सबैसँग मानवताको माया गाँस्न चाहन्छु

**- ज्ञान उदास**



जाली हुन्छन् कोही यहाँ श्रद्धाको बहाली हुन्छन्
आस्थाको राही कतै, पीडाले मन सम्हाली हुन्छन्
युगान्तकारी सन्तुलन मिलाउँछ, शक्ति हुन्छ समयमा
ढिलो आउने सत्य माथि झूठको हालीमुहाली हुन्छन्

**- बिनिता आचार्य**

# आकाश ओढेको डोल्पो



**अरूणबहादुर खत्री-**

आकाश ओढेको डोल्पो नामक नियात्रासङ्ग्रह साहित्यकार *नियात्राकार भवानी खतिवडा*को २०८० सालमा तेस्रो कृतिको रूपमा प्रकाशित भएको छ । यस सङ्ग्रहभित्र बाटो लागेपछि, हेल्लो ड्रागन फल !, चक्का चढेर भीरमाथि, झरीदेखि झरीसम्म लगायत विभिन्न शीर्षकका सोह्रओटा नियात्राहरू राखिएका छन् । बाटो लागेपछि शीर्षकको पहिलो नियात्रामा घडीले अपरान्हको पौने तीन बजाएको थियो । हामी आआफ्ना रूकस्याप च्यापेर कलङ्कीको बाबा पेट्रोल पम्पतिर हान्निदै थियौ । बसवालालाई फोन गरेपछि थाहा भयो हामीलाई तीन बज्नु अघि नै कलङ्की आइपुग्नु भनेर अह्राएको बस त अझैं गोङ्गबुमै पो रहेछ नियात्राकारले लेखेकी छिन् ।


हेल्लो ड्रागन फल ! शीर्षकको नियात्रामा मेरा आँखा एकैचोटी बिहान मात्रै खुले । रातले पनि कालिमाको कहर खपेर गयो होला । सूर्य झुलुक्क उदाएको रोमाञ्चक बिहानीले २०७८ कात्तिकको २ गते भित्रयाई पो सकेछ भनेर लेखिएको छ । चक्का चढेर भीरमाथि शीर्षकको नियात्रामा सिँउडीको रहरलाग्दो खेती देखेर पुलंकित भएको मनले यो माटोमा पनि नवीनताको खोज गर्दै सिँउडीको साइनो जोडिदिने अग्रगामी किसान लोकेन्द्र बिष्टलाई खतिवडाले सलाम गरेकी छिन् ।

यात्रा साहित्य विश्व साहित्यमै लोकप्रिय विधाको रूपमा मानिन थालिएको छ । सभ्यता र संस्कृति जीवन र जगत्को अनुभव र अनुभूतिका कारण नियात्राका पाठक बढेर असाहित्यिक वर्गमा पनि प्रभावकारी बन्दै गएको छ । यही कारण अन्य विधामा हात हालेका स्थापित लेखकहरू पनि यस विधाप्रति आकर्षित भइरहेका छन् । मुसीबज्यैको मुसीकोट शीर्षकभित्र प्रकृतिको यो मनोहारिता र सौन्दर्यमा एकाकार हुँदै आँखा झिमिक्क नगरी एकोहोरिएका बेला ज्ञानु शर्मा र महेश चन्द आइपुगे । सात बज्नु अघि नै आइपुगेछन् यी आत्मीय भाइहरू । वर्षौपछिको भेटले खुशी चुनियो । मैले सहयात्रीहरूसित ज्ञानु र महेशको परिचय गराएँ भनेर खतिवडाले लेखेकी छिन् ।

फैलेको पानी खुम्चेका स्याउ शीर्षकभित्र नियात्राकार गीता रेग्मीले प्रशान्तको तीरैतीर भनेझैं हामी फोक्सुण्डोको तीरैतीर हिडिरह्यौ । बडो सजिलो रहेछ बाटो । बेलाबेला दम्स्याइलो उकालो देखापर्छ । अलिकति ओरालो आउँछ । अनि फेरि तेर्सिइहाल्छ । खोलामा नीलो मसी घोलेजस्तै गाढा नीलो पानी बगिरहेछ भनेर यस कृतिका नियात्राकार भवानीले लेखेकी छिन् । आँखाले पढेको हृदयभन्दा मनले भेटेको शब्द बढी प्रभावकारी हुन्छ यात्रामा । प्रस्तुत नियात्राकृति स्रष्टाले देखेको भोगेको यथार्थ पनि हो । प्रस्तुत कृतिमा स्रष्टाले आफूले देखेको, भोगेको र अनुभूति गरेको यथास्थितिलाई प्रस्तुत गरेकी छिन् । साथै यस सङ्ग्रहभित्रका नियात्राहरूमा जीवनबोध, जीवनको मौलिक परिभाषा र कटु सत्यसँग आत्मसात पाइन्छ ।

चुच्चो जोड्ने चरीहरू शीर्षकको नियात्रा पढ्दा किसानका मनमा खेतीप्रविधिको बीज छर्न पाए भोकतिर्खे बिर्सिएर रमाउने मान्छे म । भर्खरै भेटिएर बिदा भएका पोखरजीको स्याउबगानले मुहार फेर्ने सपना बोकेर लुखुरलुखुर हिँडिरहेछु भनेर खतिवडाले लेखेकी छिन् । भेलपुरी जोडी शीर्षकको नियात्रामा म भेलपुरी भनिएकी किशोरी नजिक पुगेकी थिएँ । रून्चे अनुहार लगाएर मतिर फर्किएर बोलिन् बेकार आएछु । यस्तो हैरानी हुन्छ भन्ने थापाको भए आउने थिइन भनेर उनले लेखेकी छिन् । यस सङ्ग्रहभित्रको चीसो रातः मीठो सम्झना शीर्षकको अन्तिम नियात्रामा म दिव्य हिमाल, पवित्र नदी, मठमन्दिर र शे-फोक्सुण्डोको तिलस्मी तस्बीरहरूलाई आफूभित्रै समाहित भएको आभासले रमरम भएँ । जीवनमै पहिलोपल्ट भेटेको डोल्पाको मायाले मखलेल र विनीत भएँ लेखिएको छ ।

आजको समयमा यात्रा बृत्तान्तका लेखहरू निकै देखिन थालेका छन् कतै निबन्धको रूपमा भेटिन्छन् भने कतै घुमन्ते कथाको रूपमा । पाठक आफूले नटेकेको ठाउँ, आफ्नो आँखाले नदेखेको दृष्य लेखकको वर्णनवाट त्यहाँ पुग्न सक्ने र देख्न सक्ने रहेछ । सबैले सबै ठाउँ घुम्ने र देख्ने कुरा पनि सम्भव हुँदैन । त्यसैले यात्रा वृत्तान्त पढ्दा आफैं त्यो ठाउँ पुगेजस्तो लाग्नु स्वाभाविकै हो । यात्राले पाठकलाई त्यहि पुऱ्याउन सकिने गर्भिलो भावना उमार्दो रहेछ । नेपाली साहित्यको निबन्ध विधामा पर्ने यो यात्रा वृत्तान्त सबै पाठकले पढ्नै पर्छ । यसमा लेखिकाको आफ्नै अनुभूति स्वाद छ उनको निजी भावना जतातत‌ै छरिएको छ । लेखनशैली स्वतन्त्र छ । उनका यात्राहरू रोचक र रसिला छन् । यात्राहरू पेचिला र पुष्टकारी प्रतीत छन् । अन्त्यमा समग्र रूपमा भन्नुपर्दा यस कृतिले नेपाली साहित्यमा महनीय स्थान लिएको छ । यस्तै अन्य कृतिहरू पढ्न पाइरहने अपेक्षा गर्दछु । अन्त्यमा उनका अन्य राम्रा राम्रा नियात्रासङ्ग्रह थपिदै जाओस् भन्न चाहन्छु ।




लेखक: भवानी खतिवडा, विधा: नियात्रा
प्रकाशन: २०८० मङ्सिर
प्रकाशक: पेज टर्नर प्रा.लि., काठमाडौं ।

# २६ लघुकथाकृति एकैसाथ लोकार्पण

चितवन, १० कार्तिकलघुकथा साहित्यिक महोत्सव, २०८१ सम्पन्न भएको छ । यो अवसरमा २६ लघुकथा कृतिहरूको एकसाथ लोकार्पण गरिएको छ ।

कार्यक्रमका प्रमुख अतिथि प्रा.डा.चुडामणि बन्धुले पानसमा बत्ती बालेर उक्त कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । उक्त अवसरमा पुरेतले स्वस्ती मन्त्र वाचन र नौमती बाजा समूहका कलाकारले मङ्गल धुन बजाएका थिए । संस्थाकी कोषाध्यक्ष मीठूकुमारी पाठकको स्वागत मन्तव्यसँगै भएको कार्यक्रममा स्वागत गीतद्वारा स्वागत गरेको थियो ।

कार्यक्रममा सशस्त्र प्रहरी बल, नेपाल नं. ३ गढिमाई बाहिनी, मुख्यालय मकवानपुरका ब्याण्डबाजा समूहले राष्ट्रगानको धुन बजाएको थियो भने गुरू सङ्गीत पाठशालाको समूहले राष्ट्रगान गाएको थियो । उक्त अवसरमा कार्यक्रमका प्रमुख अतिथि एवम् वरिष्ठ साहित्यकार प्रा.डा.चुडामणि बन्धुले स्टेज अगाडि लहरै राखिएका २६ वटा कृतिमा पुष्प अर्पण गर्दै कृतिको लोकार्पण गर्नुभएको थियो । लोकार्पित भएका लघुकथा कृतिहरूमा-

१. घनश्याम डल्लाकोटी कृष्णजी शर्माकृत 'महाकम्प'

२. यमुना प्रधानाङ्ग मुनाकृत 'उपहार', ३. वसन्त अनुभवकृत 'नेपाली नस्ल', ४. मीठूकुमारी पाठककृत 'सुन्दरी', ५. श्रीकृष्ण पौडेलकृत 'लोपाञ्जन', ६. कर्ण दयालकृत 'दोपानी', ७. होमप्रसाद नेउपानेकृत 'प्रयोगशाला', ८. सुरेशकुमार पाण्डेकृत 'जेईको सम्झना', ९. अवधेश सिंहकृत 'मरजाद', १०. म्यामराज राईकृत 'बुन्छत', ११. कुमार काफ्लेकृत 'सपना कतिपय'

१२. ज्यो.नानी बिवुकृत 'इज्जत', १३. विष्णु पन्थीकृत 'भेटी'

१४. मुक्ति गौतमकृत 'चाक चारब्रा', १५. विष्णु भण्डारी आचार्यकृत 'बकसपत्र'

१६. अनुग्रह राना मगर पुष्पकृत 'तमासा', १७. राजन ग्याल्दाङ घलेकृत 'मारूनी'

१८. रञ्जुश्री पराजुलीकृत 'विभीषिका', १९. विजय चालिसेकृत 'हात्तीको दाँत'



२०. गङ्गा कर्माचार्य पौडेलकृत 'अखबार', २१. लक्ष्मी रेग्मी खनालकृत 'अन्त्य'

२२. गुप्तबहादुर श्रेष्ठकृत 'थेरापी', २३. भूमिका गैरे तिमिल्सिनाकृत 'नमस्ते'

२४. डा.विदुर चालिसेकृत 'शताब्दम् महाशक्ति', २५. गोपाल अश्ककृत 'लघुकथा प्रक्रिया र पाठ', २६. लघुकथाको सुगन्ध अङ्क ६ रहेका छन् ।

कार्यक्रममा 'कथा- कुथुङ्गी सिर्जना विशिष्ट नायक'का रूपमा लोहनीलाई र 'अविश्रान्त लघुकथा साधक'का रूपमा मधिकर्मीलाई अभिनन्दन गरिएको थियो ।

त्यस्तै कार्यक्रम वरिष्ठ साहित्यकार डा.विदुर चालिसेलाई 'आदर्श लघुकथा साधक सम्मान' वरिष्ठ साहित्यकार विजय चालिसेलाई 'अग्रज लघुकथाकार सम्मान' र वरिष्ठ साहित्यकार रञ्जुश्री पराजुलीलाई 'वरिष्ठ लघुकथा नारी हस्ताक्षर सम्मान' द्वारा सम्मानित गरिएको थियो । साथै कार्यक्रममा वरिष्ठ लोक गायक/डेउडा गायक नन्दकृष्ण जोशी र वरिष्ठ आधुनिक गायक आनन्द कार्कीलाई पनि सम्मान गरिएको थियो । 'डेउडा लोकगायक विशिष्ट सम्मान' जोशीलाई र लघुकथा बन्दना गायक विशिष्ट सम्मान' कार्कीलाई प्रदान गरिएको थियो । साथै 'हेमलता स्मृति लघुकथा सम्मान- २०८१' महिलातर्फ लघुकथाकार प्रभादेवी पौडेललाई र पुरूषतर्फ राजन ग्याल्दाङ 'बुद्धिसिङ' घलेलाई प्रदान गरिएको थियो ।

त्यस्तै पहिलोपटक 'नमस्ते झिल्का पुरस्कार-२०८१' वृहत् लघुकथा कृति 'शताब्दम् महाशक्ति'का लागि डा.विदुर चालिसेलाई प्रदान गरिएको थियो, जसको पुरस्कार राशि रू. २२,२२२/- रहेको छ । त्यस्तै 'लघुकथालय पुरस्कार- २०८१' वरिष्ठ साहित्यकार/लघुकथाकार ललिता दोषीलाई उहाँ उत्कृष्ट लघुकथाकृति 'पहिरो'का लागि प्रदान गरिएको थियो, जसको राशि ११,१११/- रहेको छ । साथै यसवर्षको 'वर्ष लघुकथाकार सम्मान- २०८१' र 'वर्ष पाठक सम्मान- २०८१' द्वारा साहित्यकार, लघुकथाकार/पाठक सुरेशकुमार पाण्डेलाई सम्मान गरिएको थियो । जसको पुरस्कार राशि क्रमशः ७०००/- र ५०००/- रहेको छ ।

उक्त अवसरमा मञ्चद्वारा प्रकाशित एवम् लोकार्पित २२ वटा कृतिहरूका कृतिकारहरूलाई 'नमस्ते गुरूकुल लघुकथा सुशोभन सम्मान- २०८१' द्वारा सुशोभन गरिएको थियो ।

त्यस्तै कार्यक्रममा 'वर्ष उत्कृष्ट सामाजिक रेडियो' सम्मानद्वारा रेडियो सारथि १०७.४ मेगाहर्ज, बडिगाड खर्बाङ, बागलुङलाई र 'वर्ष उत्कृष्ट सामाजिक पत्रिका' सम्मानद्वारा हिमालयन दृष्टि मिडिया प्रा.लि. नागार्जुन, काठमाडौंलाई सम्मान गरिएको थियो ।

'वर्ष स्तम्भकार सम्मान पत्र'द्वारा हिमालयन दृष्टि प्रा.लि.का लघुकथा स्तम्भकार वसन्त अनुभवलाई, 'वर्ष वाचक लघुकथा सम्मान- २०८१ द्वारा उत्कृष्ट लघुकथा वाचक विवेक काफ्लेलाई र 'वर्ष उत्कृष्ट प्राविधिक सारथि सम्मानद्वारा अनिष पाठक (रेडियो सारथि), अमित प्रधानाङ्ग(वीरगन्ज) र आयुष बडाल (धूलिखेल)लाई सम्मानित गरिएको थियो ।

संस्थाको छैटौं वार्षिकोत्सव प्रायोजन गर्नुहुने १२ जना प्रायोजकहरू श्री हिमालयन अर्गानिक चिया (चितवन), यमुना प्रधानाङ्ग मुना (वीरगन्ज), वसन्त अनुभव (दाङ), मीठूकुमारी पाठक (चितवन), श्रीकृष्ण पौडेल (कास्की), अमरनाथ साह (अमेरिका), अनुग्रह राना मगर पुष्प (मलेसिया), देवी परियार (चितवन), दीपक खड्का (चितवन), कलावलाई सम्मान गरिएको थियो । कार्यक्रममा शुभकामना मन्तव्य दिनेहरूमा- प्रमुख अतिथि प्रा.डा.चूडामणि बन्धु, कथा-कुथुङ्गी सिर्जना विशिष्ट नायकका रूपमा अभिनन्दित वरिष्ठ साहित्यकार पुष्कर लोहनी, अविश्रान्त लघुकथा साधकका रूपमा अभिनन्दित वरिष्ठ साहित्यकार ध्रुव मधिकर्मी, अग्रज लघुकथाकारबाट सम्मानित वरिष्ठ साहित्यकार विजय चालिसे, आदर्श लघुकथा साधक र नमस्ते झिल्का पुरस्कार-२०८१ बाट सम्मानित एवम् पुरस्कृत वरिष्ठ साहित्यकार डा.विदुर चालिसे, डेउडा लोक गायक विशिष्ट सम्मानबाट सम्मानित वरिष्ठ लोक गायक नन्दकृष्ण जोशी, लघुकथा वन्दना गायक विशिष्ट सम्मानबाट सम्मानित वरिष्ठ गायक आनन्द कार्की, लघुकथालय पुरस्कार- २०८१ बाट पुरस्कृत वरिष्ठ साहित्यकार ललिता दोषी, विमोचित कृतिहरूका कृतिकारहरूमध्येबाट भारतबाट आउनुभएका लघुकथाकार एवम् संस्थाका आजीवन सदस्य मुक्ति गौतम, मञ्चका संरक्षकहरूमध्येबाट मञ्चका संरक्षक एवम् विशिष्ट आजीवन सदस्य अवधेश सिंह हुनुहुन्थ्यो ।

कार्यक्रममा वरिष्ठ साहित्यकारहरू गोपाल अश्क, नर पल्लव, डा.शंकरप्रसाद गैरे, गङ्गा कर्माचार्य पौडेल, लक्ष्मण अर्याल, डा.शेखर कुमार श्रेष्ठ (हाम्रो लघुकथा केन्द्रका उपाध्यक्ष) रचना शर्मा (लघुकथा प्रतिष्ठान), विष्णु डल्लाकोटी एवम् बेलिमाया डल्लाकोटी (लघुकथा विकास कोषदाता), विष्णुप्रसाद काफ्ले, यमुना प्रधानाङ्ग मुना, वसन्त अनुभव, मीठूकुमारी पाठक, श्रीकृष्ण पौडेल, होमप्रसाद नेउपाने, कुमार काफ्ले, विष्णु पन्थी, विष्णु भण्डारी आचार्य, सुरेशकुमार पाण्डे, लक्ष्मी रेग्मी खनाल, प्रभादेवी पौडेल( हेमलता स्मृति लघुकथा सम्मान-२०८१ बाट सम्मानित), सुनिता निरौला पौडेल, खगेन्द्र बस्याल, तुलसी पण्डित, रामराजा के.सी., कमल पौडेल, विवेक काफ्ले, अनिष पाठक, आयुष बडाल, सन्तकुमार चौधरी लगायत मञ्चका पदाधिकारी, अति/विशिष्ट/आजीवन सदस्यज्यूहरू, वाचकहरू, प्रायोजकहरू, पत्रकारहरू, विभिन्न साङ्गीतिक/सांस्कृतिक टोलीका प्रमुख एवम् सदस्यहरू, विभिन्न संघ/संस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । नमस्ते आधुनिक लघुकथा मञ्चका अध्यक्ष घनश्याम डल्लाकोटी 'कृष्णजी शर्मा'को अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन कमल पौडेल र विवेक काफ्ले गर्नुभएको थियो ।





| | | |
|---|---|---|
| सम्पादक/प्रकाशक | | राजन कार्की |
| Editor/Publisher | | Rajan Karki |
| सह-सम्पादक | : | शाश्वत शर्मा |
| अनलाइन प्रविधि | : | उत्तम राज |
| कानुनी सल्लाहकार | : | शिवप्रसाद सिग्देल |
| मुख्य व्यवस्थापक | : | कृष्णकुमार कार्की |
| व्यवस्थापक | : | दिलकुमार कार्की |
| मुद्रण | : | तारा प्रिन्टर्स, कलंकी |

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np





## लोकतन्त्रको प्रासङ्गिकता सकियो

लोकतन्त्र हाँक्ने नेतृत्वपंक्तिको चारित्रिक स्खलन भइरहेकै छ। हुन त यी सत्तामा छन्, संसदमा छन्, राजनीतिमा छन्। तर चरित्र स्खलन भएको नेतृत्वप्रति जनताको आस्था छैन। जनतामा भरोसा र विश्वास रहेन। यस्तो नेतृत्वका कारण लोकतन्त्रको प्रासङ्गिकता समाप्त भइसकेको छ।

नेपालमा साना ठूला जति पनि पार्टी छन्, तिनीहरू क्याडरबेश पार्टी हुन्। हजारदेखि लाख हुँदै ९ लाखसम्मको संगठन छन् तिनका। यतिमात्र होइनन्, ती पार्टीहरूप्रति आस्था राख्ने कर्मचारीको संख्या पनि कम छैन। कर्मचारीले पार्टीको भातृ संगठनको कार्यालयजसरी चलाएका छन् कतिपय संस्थानहरूलाई समेत। संगठनको आकार भीमकाय छ, कार्यकर्ताको भीड पनि थामिनसक्नु देखिन्छ। संवैधानिक निकायहरूमा आफ्ना मान्छे भरेर निकै शक्तिशाली बनेका छन् ठूला पार्टी र नेताहरू। लाग्छ, ठूला पार्टी साह्रै लोकप्रिय छन्। तर यथार्थ यो होइन। भुइँमान्छेसँग टाढिदैछ पद्धति। भुइँमान्छेमा विश्वासको कमी छ यी ठूला पार्टी र नेताहरूप्रति। हरेक भुइँमान्छे भन्छन्- यी नेता होइनन्, लुटेरा हुन्। यिनले लोकतन्त्रलाई लूटतन्त्रजसरी चलाए। लोकतन्त्र लुटको धन फुपुको श्राद्ध जसरी चलेको छ। भ्रष्टाचार सर्वत्र बढेको छ। सुशासन कतै पनि छैन। जनता कुशासनबाट त्रसित छ।

सत्य के हो भने लोकतन्त्र भुइँमान्छेको जीवनपद्धति बन्न सकेन। लोकतन्त्र नामको छाडातन्त्रबाट भुइँमान्छे आजीत छ। लोकतन्त्रबाट भुइँमान्छे धेरै टाढा पुगेको छ। यसरी भुइँमान्छेबाट टाढिएको पद्धति १८ वर्षअघिको परिवर्तनको समयको जस्तो प्रासङ्गिक रहेन। जब भुइँमान्छेबाट अप्रासङ्गिक हुन्छ, त्यो पद्धति खोक्रो भइसक्यो भन्दा हुन्छ, कुनै पनिबेला ढल्नसक्छ।

लोकतन्त्रमा भुइँमान्छे खुशी हुनुपर्छ। भुइँमान्छे लोकतन्त्रप्रति रत्तिनुपर्छ। नेपालको लोकतन्त्र देखेर भुइँमान्छे तर्सिन थालेका छन्। एक त लोकतन्त्र भ्रष्टाचारमय बनिसक्यो, त्यसमाथि प्रत्येक दलका नेताहरू चरित्रहीन बन्नपुगेको छन्। आफ्ना घोषणापत्र बिर्सेका छन्। सबैको लक्ष्य सत्ता, शक्ति र सम्पत्ति बनेको छ। चरित्रप्रति, लोकलज्जाप्रति कुनै नेता सचेत छैनन्। जब नेतृत्वमा चरित्र हुँदैन, ऊ स्वार्थका लागि जुनसुकै बेला जुनसुकै कुकर्म गर्न सक्छ। राष्ट्र र जनताका लागि सराप बनिसकेको नेतृत्व भनेको खतरनाक हुन्छन्, यिनले आफ्नो हितका लागि राष्ट्र र जनताको हित हरेक समय दाउमा लगाइरहेका हुन्छन्। नेपालको स्थिति ठ्याक्कै त्यस्तै छ।

नेपाल भूराजनीतिको महत्वपूर्ण मोडमा आइसकेको छ। उत्तर र दक्षिणको चासोमात्र होइन, पश्चिमा र इयुको चासोको राडारमा समेत नेपाल परिसकेको अवस्था छ। यतिमात्र होइन, युद्धमा होमिएको रूससमेत नेपालमा प्रवेश गरेर १३ परियोजना बनाइदिने पेशकश गरिरहेको छ। तर नेपालले न रूस, न चीनको बीआरआई अन्तर्गतको १३ परियोजनाबारे नै जवाफ फर्काएको छ। नेपालले कुनै पनि बैदेशिक ऋण तिर्ने हिम्मत नभएकाले अनुदानका योजनाहरू खोजिरहेको छ। अनुदानका योजनाका लागि लविङ गर्ने सक्षम परराष्ट्रनीति र राजदूतहरू नियुक्त गर्न सकेको अवस्था छैन। यसकारण पनि नेपालमाथि ऋण लिनैपर्ने दबाब बढेर गएका छन्। अमेरिकी परियोजना एमसीसी अनुदानमा प्रवेश गरे पछि चीन, भारत, रूसजस्ता मुलुकहरू अनेक परियोजनाका साथ नेपाल प्रवेश गरेका छन्। तर नेपालले सक्षमतापूर्वक नेपालनीति प्रभावकारी रूपमा सञ्चालन गर्न सकेको छैन। आन्तरिक राजनीतिक खिचलो र अराजकताका कारण र बढ्दो चरित्रहीनताका कारणले नेपालको लोकतन्त्र भीरमा पुगिसकेको छ, कुनैबेला गुल्टने अवस्था छ।

# कहाँ बीपीको लोकतन्त्र, कहाँ यो लूटतन्त्र




बीपीवाद नेपाली हावापानी सुहाउँदो थियो भनेर समयले सम्झाएको छ। सम्झने विवेक कांग्रेसीमा नभए पछि बीपी विचार छायाँमा पर्नु स्वभाविक हो।

मोहनविक्रम सिंह, मोहनचन्द्र अधिकारी हामीबीच छन्, उनीहरूलाई यो लोकतन्त्र १८ वर्षमा किन असफल भयो, बोल्दैनन्। मुखथुनेर बसेका छन्।

०१७ सालमा निरङ्कुशता लादेको राजतन्त्रप्रतिको कांग्रेसी धारणा अझै नकारात्मक छ, तर राजतन्त्र र प्रजातन्त्र सँगै लानुपर्छ, मेरो घाँटी जोडिएको छ भन्ने बीपीका सच्चा अनुयायीहरू अहिलेको लोकतन्त्र र नेताहरूका बारेमा स्पष्ट बोल्दैनन्। बीपीलाई असान्दर्भिक प्रमाणित गर्ने उनकै अनुयायी हुन्।

सर्वहारावादी, समानता र अग्रगमनकारी माओवादीप्रति १० वर्ष जनयुद्ध गरेका लडाकाहरूको लोकतन्त्रभन्दा पनि आफ्नै नेताप्रति तिक्त अनुभव हुनुपर्छ। किनकि परिवर्तनलाई कमाण्डरहरूले बेयरर चेक बनाएर साटिरहेका छन्, जो लडाका हुन्, तिनका परिवारजन आँसु पिएर बसेको देखिएको छ। तिनीहरूको मनमा पक्कै हाँसो र खुशी छैन।

संक्रमणकालीन न्याय, जनयुद्धका कमाण्डरहरूका लागि स्वार्थपूर्ति गर्ने बहाना बनेको छ। यहीकारण हो आमनागरिकका लागि त लोकतन्त्र कौवालाई बेल पाकेसरह न हो। उनीहरूको भागमा पीडामात्र छ।

यही सबै देखेर होला, पूर्वराजाले नेपालजस्तो मुलुकमा राजतन्त्र र प्रजातन्त्र सँगै लैजानुपर्छ भनेर बोल्दा हिजो भाते पाठशालाको भात खाएर पढेका प्रजातन्त्रवादी बाहुन यसरी रिसाए कि उनले प्वाक्क भनिहाले- प्रजातन्त्रमा राजाले ज्ञान दिन थाले।

यसो भन्ने बाहुन यतिबेला राष्ट्रपति बनेका छन्। राष्ट्रपति बन्दा उनी यति बदनाम छन् कि लोकतन्त्रको चरित्र उनमा देखिएन, देखाउन सकेनन् र

नेपाल निर्माण र निर्माताको इतिहास नपढ्ने वा बुझेर पनि बुझ पचाउने यस्ता बाहुनका लागि पद ठूलो हो तर यिनको जीवनमा कहिले भुइँमान्छेको सम्मान आर्जन गर्न सक्लान् ? किनकि जो यति धेरै अहं पाल्छ, त्यो व्यक्ति 'मान्छे' बन्न मुस्किल हुन्छ। ठूलो पदमा पुग्नु मान्छे बन्नु होइन।

यस्तै नेताका कारण युवाहरू विदेशीन बाध्य छन्। अमेरिकामा बिल गेट्स वा नासामा सहकर्मी नेपाली छन्। बेलायतको हाइकमाण्डमा सेना छ, सिंगापुरको बाक्लो ट्राफिक सिस्टम नेपालीले सञ्चालन गरेका छन्, कोरियामा ठूला पानीजहाज नेपालीले निर्माण गर्छन्, अष्ट्रेलियाको समाज कल्याण नेपालीको हातमा छ, कतारलगायतका खाडी मुलुकहरू नेपालीले बनाए, उत्तर कोरिया र अमेरिकाका राष्ट्राध्यक्षको वार्तास्थलोको सुरक्षा नेपालीले गरिदिए, बेलायतका राजकुमारले गोर्खा छन् भने म आरामले निदाउन सक्छु भनेको सबैले सुनेकै हो तर लोकतन्त्रले होनहार युवाशक्तिलाई निर्यात गरेर सत्ता चलाइरहेका छन्, तिनैमध्येका रामचन्द्र पौडेल भन्छन्- प्रजातन्त्रमा राजाले उपदेश दिने ? राजाले उपदेश दिंदा जनताले जिन्दावाद भन्छन्, राष्ट्रपतिले बोल्दा कसले सुन्छ ? राजाजसरी जनताको माझमा जाने हिम्मत राष्ट्रपति अथवा कुनै पनि पदधारण गरेकाहरूमा। लोकतन्त्रमा कोही लोकप्रिय छ भने किनारा लगाइएका राजा छन्, यो विश्वलाई थाहा छ।

रामचन्द्र पौडेल प्रवृतिलाई सुगौली सन्धिमा देशमाथि जालझेल गर्ने गजराज मिश्र र चन्द्रशेखरका आधुनिक अवतार भन्दा फरक पर्दैन।

हो, २०६५ साल जेठ १५ पछि राजा भीष्म बने र विदेशी वाण काँध थापेर स्वदेशी हातहरूले घोपेका वाणको शैयामा सुतेको राजसंस्थाले यतिबेला दिनसक्ने उपदेश नै हो र गर्नसक्ने 'खबरदारी' नै। पूर्वराजाले एक इन्ची पनि प्रजातन्त्रका सीमा नाघेका छैनन्, नागरिकको हैसियतमा रहेका छन् र बोलेका छन्। त्यत्ति पनि सहन गर्न नसक्ने डा.बाबुराम, माधव नेपाल र रामचन्द्र पौडेलहरू राजालाई चूपचाप बस्न आदेश दिन्छन्। पहिले देश निकाला गर्छु भन्थे, अहिले तर्साउन खोज्छन्। जबकि यिनीहरू आफै न सिद्धान्त, न नीति, न निष्ठा, न नैतिकताको सीमाभित्र छन्। यी आफै समय नाघेको ओखती नेता हुन्, यिनीहरू आफै प्रजातान्त्रिक जरिबुटीबाट विषवृक्ष बनिसकेका छन्, यिनले नागरिकमाथि बोल्न पाइन्न भनेर निरङ्कूशता लाद्ने ? अचम्म छ, नेपालको हुकुमी प्रजातन्त्र ?

जे त पर्ला भनेर यी भीष्मरूपी पूर्वराजा सुम्पिएको नासो फिर्ता लिन यिनका विदेशी वाणको शैयाबाट जुरूक्कै उठिदिए भने आउने कम्पन यिनले थाम्न सक्छन् ? जो आफ्नै चरित्रहीनताको भार थाम्न सकिरहेका छैनन्, तिनीहरू देश र जनताको भारबाट थिचिने किचिने छन्। त्यस्तो भूकम्पको आहट सुनिदैछ।

१८ वर्षदेखि जुन वाणको शैयामा राजसंस्था घायल छ, यी नेपाली भीष्मलाई थाहा छ, यो अर्जुनको वाण होइन। १२ बुँदे दिल्ली सम्झौताको वाण हो, इसाइकरणको वाण हो। जसले वाण चलाए, ती नेपाली नेता थिए। नेता कम विदेशीको सातु सामल खाएका शिखण्डी थिए, तिनै शिखण्डी यतिबेला सत्ता र शक्तिमा छन् र राजालाई तर्साइरहेका छन्। यिनको कर्कश आवाज र धम्की यिनको पराइमन्त्र हो। 'विदेशीले चावी भरेपछि चल्ने पुतला र यिनमा कति नै फरक छ र ?'

यिनमा विवेक थियो भने, आत्मसम्मान थियो भने परिवर्तनको १८ वर्षमा जुटेको देश र जनताको धैर्य यसरी टुट्ने थिएन। ०४६ सालमा पुनर्स्थापित बहुदल र ०६५ सालमा आएको गणतन्त्रले दिएको अनैतिकता र भ्रष्टाचारमात्र हो। कुनै पनि क्षेत्र र नेता यस्ता छैनन्, जहाँ भ्रष्टाचार नभएको होस्। संविधान त माइतीघर मण्डलामा रोइरहेको छ, न्यायदिने अदालत नै बिबादमा असरल्ल बनेको छ।

इतिहास साक्षी छ- सबैभन्दा बढी प्रताडित बीपी कोइराला थिए, नेपाली कांग्रेस थियो। किन बीपी कोइरालाले राजतन्त्र र मेरो घाँटी जोडिएको छ भनेका रहेछन्, त्यो अहिले आएर पुनः पुष्टी हुनपुगेको छ। यति हुँदा पनि प्रजातन्त्रवादीहरूको घैंटोमा घाम लाग्दैन भने यिनमा विवेक छ भन्न सकिन्न। किन बीपी बिर्सन्छन् कांग्रेसी ?

०४६ सालमा भारतीय नेताहरू डीपी त्रिपाठी, हरकिसन सिंह, डा.फारूकी, एमजे अकवर, सुब्रमण्यम स्वामीहरूको लस्कर गणेशमान सिंहको चाक्सीवासीमा आएर राजतन्त्रमात्र होइन, नेपालै सिध्याउने चर्को भाषण समेत गरेका थिए। प्रजातन्त्रवादीले ताली पिटे। अहिले रंजित राय हिट छन्। उनले Kathmandu Dilemma: Resetting India-Nepal Ties पुस्तक लेखेछन्, जुन नेपालको स्वाधीताविरोधी छ, बोर्डरमा पर्खाल लगाइनु हुन्न भनेर वकालत गर्छ, त्यस्तो पुस्तक र लेखकलाई सत्तासीन दलका नेताहरूले ठूलै महत्व दिएका छन्। अचम्म छन्, ठूला पार्टी र ठूला नेता गोर्खाभूमिमा उभिएका छन् कि गोरखपुरमा ?

यसबाट पनि प्रमाणित हुन्छ, नेपालमा जुन परिवर्तन भयो, त्यसमा हाम्रा नेताहरूको भूमिका मात्र शिखण्डीको थियो। जसरी रावण मारेपछि विभीषण राजा भए, जसरी वाली मारेपछि किस्किन्धाका राजा वाली भए, नेपालमा राजतन्त्र सिध्याएपछि अग्रगमनकारी भनिएका नेताहरू वादशाह बनेका छन् र दिल्ली, वाशिङ्टन्, बेइजिङ्देखि भेटिकनसम्म छलाङ् मारिरहेका छन्। यसकारण त यिनीहरू प्रजातन्त्रका कुरा गर्छन् र यिनले भनेको प्रजातन्त्र देश र जनताको होइन, यिनको अनुकूलको हुनैपर्छ। अन्यथा यिनीहरू पानीबौलाह चरित्र देखाइहाल्छन्।

प्रजातन्त्र छ, प्रजामा सन्तोष छैन। संसद, सरकार, शितल निवास, पार्टीहरू महानगरले महिनौंदेखि नउठाएको फोहरका कन्टेनरजस्ता देखिन्छन्। यिनीहरूप्रति जनताको आस्था र आशा मर्दै गएको छ। जनताको निराशाले भन्छ- यिनै चरित्रहीन नेता शासक भइरहने हो भने यिनलाई जनताको घृणामात्र छ। यी घृणा पात्र हुन्। विदेशीले खोज्ने खेताला हुन्, खेतालालाई चाहिने ज्याला हो। स्वार्थको पछि लाग्ने विवेकहीनहरू भनेका अवसरवादी हुन्। नेपाली शासन व्यवस्थामा अवसरवादीहरूलाइन लागेर अवसर खोजिरहेका छन्। यिनीहरू स्वार्थ पूरा हुन्छ भने आफू, आफ्नो पुस्ता र बिगतको गौरवलाई पनि मार्न तैयार देखिन्छन्। राजनीतिक अराजकता र अस्वस्थ गालीगलौज जुन देखिएको छ, यो सबै नेतृत्वमा हावी स्वार्थ हो।

सर्वहाराको शासन र समाजवादी नयाँ नेपाल बनाउन त्यति ठूलो नरसंहार मच्चाइयो, धर्म र व्यवस्था फेरियो। भोको पेट, नाङ्गो जीउ, सडकको बास उस्तै छ। रगत चढाएर लोकतन्त्र आयो, कहाँ आयो ? कुन जनतालाई आयो ? छ न त छ नि- वाद छ, तन्त्र छ, नीति छ, संयन्त्र छन्। सुनीति केही देखिदैनन्, कुटिलनीति राष्ट्रव्यापी छ। सबै नीतिमा नेता, नियन्ताको प्राथमिकता आत्मोन्नति, आत्मतृप्ति, आत्मसन्तुष्टि र आत्मकेन्द्रित छन्। आमकेन्द्रित छैनन्। म केन्द्रित छन्। त्यागको टिपु सुल्तान छैनन, स्वार्थका सुल्तानहरू न्यायको घोडा चढेर बुर्कुसी मारिरहेका छन्। जनता चुसिरहेका छन्।

लोकतन्त्रको प्राण जनविश्वास हो। त्यो जनविश्वास प्राविधिक रूपमा देखिन्छ, वास्तविक रूपमा यस प्रकारको अनैतिक शासनप्रति छैन। यी मौकापरस्त हुन्, मौका पाइने थाहा हुनसाथ यिनीहरू मौसमअनुसारको ट्यूनिक लगाउँछन्। यो स्वाभिमानी चरित्र होइन। 'डेभेलपमेन्ट अफ फ्रिडम' मा अमर्त्यसेनले लेखेका छन्- गुलाफको फूल भनेपछि फूलमा सुगन्ध हुनैपर्छ। प्रजातन्त्र हो भने प्रजारञ्जन हुनैपर्थ्यो, केही पनि छैन। कागजको गुलाफ र नेपालको प्रजातन्त्र उस्तै उस्तै भयो।

१८१५ डिसेम्बर २ मा गिर्वाणविक्रमलाई धोका दिने गजराज मिश्र र चन्द्रशेखर उपाध्याय बृटिश इण्डियाको शिखण्डी बनेका थिए। जनयुद्ध र जनआन्दोलनपछि ठूला नेताहरू विदेशीका खेताला बने। तिनका लागि स्वार्थ र सम्पत्ति ठूलो थियो, यिनका लागि स्वार्थ र सत्ता ठूलो बनेको देखियो। यथार्थमा दुबैथरि देश र जनघातका अगुवा हुन्। देश धोखा खाइरहेछ।



# नेपालको राजनीतिक परिस्थितिको पोष्टमार्टम



प्रा.डा. विश्व पौडेल

*सबै बुद्धिजीवी पार्टीका झोले हुँदैनन् । होनहार बुद्धिजीवी हुन् प्रा.डा. विश्व पौडेल जसले नेपाली राजनीतिको रौंचिरा विश्लेषण गरेका छन् । उनको विचार अनलाइन खबरमा पनि आएको छ । यो विश्लेषण सबैका लागि उपयोगी हुनेछ भन्ने आशा छ । व्य.*

क्रमस... त्यसले नेपालीहरूलाई 'इन्ट्याक्ट' राख्न मद्दत हुन्छ । यसका लागि पाठ्यपुस्तक पठाउन सकिन्छ । दोस्रो- कोलम्बो प्लानमा छात्रवृत्ति बढाएर नेपाली भाषामा वा नेपाल आएर पढ्न खोज्नेलाई छात्रवृत्ति दिऊँ । यसले नेपाली संगीत, चलचित्र, पत्रिका र साहित्यको बजार बढाउँदै लैजान्छ । ती देशमा नेपाली सिनेमाको २० लाख टिकट बेच्न सक्नुहुन्छ । अहिले एउटा फिल्मले राम्रो व्यापार गरेको छ भने २० लाख टिकट बेच्दा १ अर्ब आम्दानी हुन्छ । त्यसो हुँदा ती देशमा भएका नेपालीले भविष्यमा राजनीतिक, सामाजिक र व्यावसायिक अवसर सृजना गर्न सक्छन् । किनभने पूर्वतिर हाम्रो संस्कृति मिल्छ ।

अर्को ती देशमा बसिरहेका मानिसहरूलाई नेपालमा लगानी गर्न सजिलो बनाइदिउँ । ताकि उनीहरूको देशमा केही भयो भने नेपालमा आएर बस्न सकून् । हामीले ती देशमा गर्ने लगानी पनि बढाउनुपर्छ, दूतावासबाट हुने हाम्रा गतिविधि बढाउनुपर्छ ।

न्यूजिल्यान्डसँग हाम्रो सम्बन्ध राम्रो छ । अष्ट्रेलियाको जनसंख्या अढाइ तीन करोड छ । त्यहाँ ५ लाख नेपाली छन् । उनीहरूले राजनीतिक रूपमा महत्वपूर्ण प्रभाव पार्न सकिन्छ ।

चीनको क्वान्चाउबाट सिन्चाङ जान साढे ६ घण्टाको उडान छ । अमेरिकाको पूर्वी तटबाट पश्चिम तट पुग्न पनि करिब त्यति नै समय लाग्छ । ६ घण्टाको उडान भनेको एउटा देश जस्तै हो । त्यसो हुँदा पूर्वतिरका देशमा रहेका नेपालीहरू नेपालबाट धेरै टाढा छैनन् । ती देश गएर, व्यवसाय गरेर विश्वसमुदायसँग आत्मविश्वासका साथ 'डिल' गरेको नेपाली हुँदा त्यसले नेपाललाई लाभ हुन्छ ।

पश्चिमतिर चाहिं अलि जटिल संरचना पनि छ । त्यताका लागि मैले दोहोरो रणनीति सोचेको छु । नेपालीको ठूलो संख्या भएका साना देशका लागि छुट्टै रणनीति बनाउनुपर्छ । कतार, युएई, कुवेत, बेलायत लगायत यस्ता देश हुन् ।

उदाहरणका लागि कतारमा कतारीहरूको मात्रै जनसंख्या १० लाख छ । नेपालीहरूकै संख्या ५ लाख छ । यस्ता देशमा हाम्रा गतिविधि बढी नै हुनुपर्छ । त्यहाँ हाम्रो दूतावास कस्तो राख्छौं, त्यहाँका स्थानीयसँग हामी कसरी डिल गर्छौं, त्यो महत्वपूर्ण हुन्छ ।

त्यहाँ एक-दुई जना नेपालीले कतारीलाई राम्रो प्रभाव पारे भने उनीहरूले नेपालमा गर्ने लगानी नै फरक पार्ने खालको हुन्छ । हामी त अहिले पहिल्यै हात उठाएर बसेका छौं ।

तर, चार-पाँच लाख मानिस भएका ठाउँमा व्यवसाय पनि हुन्छ नि ! कुनै मुलुकमा एक लाख नेपाली भए भने त्यहाँ मम बेच्ने पनि धनी हुन्छ, मस्यौरा बेच्ने पनि धनी हुन्छ । त्यसरी अवसर लिन सक्नेको जीवनस्तर राम्रो भएको छ ।

बेलायत पनि त्यस्तै देश हो, जहाँको जनसंख्या सानो छ तर नेपालीको संख्या ठूलो छ । त्यस्ता देशमा नेपालीको हकहितका लागि त्यहाँको दूतावासले काम गर्नुपर्छ । नेपाल र नेपालीहरू बारे राम्रो सन्देश दिनुपर्छ । हामीले त्यहाँ रहेका नेपालीहरूलाई हाम्रो देशमा आकर्षित गर्ने खालका गतिविधि सञ्चालन गर्नुपर्छ ।

यस बाहेक ठूलो मुलुकमा रहेका नेपालीहरूसँग कसरी डिल गर्ने भन्नेमा पनि हामीले सोच्नुपर्छ । उदाहरणका लागि अमेरिका । अमेरिकामा विभिन्न मुलुकले विभिन्न रणनीतिले काम गरिरहेका छन् । इजरायलले हरेक वर्ष एक हजार यहुदीलाई हवाई टिकट निःशुल्क दिएर इजरायल बोलाउँछ । नेपालीहरू पनि ५ लाख जति छन् । उनीहरूका लागि सामुदायिक केन्द्र स्थापना गरिदिनुपर्छ । टर्किसहरूले यस्तो गर्छन् । नेपाली-नेपालीहरू बीच सांस्कृतिक आदानप्रदानको थलो यस्ता सामुदायिक केन्द्र बन्न सक्छन् ।

अमेरिकाको टेक्सासमा नेपालीहरूले पशुपतिनाथ र बौद्धनाथ मन्दिर एकै ठाउँमा भएको सामुदायिक केन्द्र बनाएका छन्, त्यो राम्रो अभ्यास हो । हाम्रो सरकारले पनि यस्ता काममा सघाउनुपर्छ ।

अमेरिकामा 'ब्याटल ग्राउन्ट राज्य', जहाँ कुन पार्टीले चुनाव जित्छ भन्ने टुंगो हुँदैन, त्यहाँ धेरै नेपाली भए भने उनीहरूले राजनीतिक रूपमा प्रभाव पार्न सक्छन् । यस्तो ठाउँमा भएका नेपालीलाई अझै सशक्त बनाउनुपर्छ ।

उनीहरूले अमेरिकी नीतिमा प्रभाव पार्न सक्ने अवस्था सृजना हुन्छ । भोलि नेपाललाई असर गर्ने साना-साना नीतिहरू परिवर्तन हुन खोज्यो भने नेपालका पक्षमा बनाउन सजिलो हुन्छ । अमेरिका ठूलो देश हो, ५ प्रतिशत मात्रै प्रभाव पार्न सकियो भने पनि त्यो ठूलो कुरा हो ।

भोलि देश फर्केर लगानी गर्ने भनेका त्यस्तै प्रभावशाली नेपालीहरू हुन् । विगतमा चीन र भारतमा पनि त्यस्तै भएको थियो । अहिल्यै पनि धेरै ठूलो लगानी गर्न नसके पनि ठिक्कको लगानी गर्न सक्ने अवस्थामा छन् । भोलिका दिनमा त्यो अझै बढ्दै जान्छ ।

ती देशमा राज्यले नेपालीहरूलाई वास्ता गरेन भने उनीहरूले पनि बेवास्ता गर्न थाल्छन् । उनीहरूबाट आउने लाभ गुम्छ, उनीहरूको भाषा बिग्रन्छ, संस्कृति बिर्सन्छन् । त्यसो हुँदा उनीहरूलाई समृद्धिको एउटा स्रोत मानेर सम्पर्क गर्ने, हामी प्रगति गर्दै जाने र उनीहरूलाई सँगसँगै लिएर हिंड्ने रणनीति अवलम्बन गर्नुपर्छ । जापान र कोरियाका लागि लागि छुट्टै रणनीति चाहिन्छ । त्यहाँ करिब २ लाख नेपाली होलान् तर जापानले जति बसे पनि नागरिकता दिंदैन । 'पीआर' मात्रै दिने हो । कोरियाको पनि त्यही हो । त्यहाँका नेपाली कुनै न कुनै दिने नेपाल आउने हुन् । त्यसो हुँदा उनीहरूलाई नेपालका राजनीतिक पार्टीले पनि ठाउँ दिइरहनुपर्छ ।

*आन्तरिक बसाइँसराइको प्रवृत्तिलाई चाहिं तपाईं कसरी हेर्नुहुन्छ ?*

२०७८ को जनगणनाले भक्तपुर, चितवन र रूपन्देहीमा सबैभन्दा धेरै जनसंख्या बढेको देखाएको छ । तराईमा पहाडबाट मानिसहरू जाने प्रवृत्ति धेरै पुराना हो । महेशचन्द्र रेग्मीले लेख्नुभएको छ, 'हाम्रा पुर्खाले गरेको सबैभन्दा ठूलो गल्ती भनेकै पानी कम भएको र वर्षमा एक बाली मात्रै लाग्ने पहाडमा बसे ।'

रेग्मी लेख्छन्, 'पानी धेरै भएको दुई-तीन बाली लाग्ने जग्गामा उनीहरूले वन लगाए । हुनुपर्ने चाहिं तराईमा बस्ने, पहाडमा वन लगाउने थियो । तर, विभिन्न रोगको डर इत्यादिले त्यसो गरेनन् । त्यसो हुँदा नेपालीहरू लामो समयसम्म एक छाक मात्रै खाएर बाँच्नुपर्‍यो ।' तराईमा बस्ती र जनसंख्या बढ्नु राम्रो हो । पहाडमा दुई-तीन वटा जनसांख्यिक केन्द्रहरू काठमाडौं, पोखरा, सुर्खेत लगायतसँग राम्रो सम्पर्क स्थापित गरौं । बाँकी जनता आफैंले तय गर्छन् । उनीहरूलाई जहाँ सजिलो हुन्छ त्यहीं गएर बस्छन् । जबर्जस्ती पहाडमा राख्ने कुरा हुँदैन । कुनै दिन यस्तो दिन आउला, जुन बेला तराईमा बसेको मानिस बराबर पहाडमा बस्नेले पनि कमाउला । त्यसबेला सन्तुलन कायम हुन्छ । कुन ठाउँमा बस्ने भनेको मानिसहरूको स्वनिर्णय हो ।

*अहिले जुनसुकै युवा विदेश जान चाहन्छ । त्यसो हुँदा नेपालमा ज्याला बढेको छ, माग कम छ । यस्तो अवस्थालाई कसरी सम्बोधन गर्ने ?*

अहिले हामी हाम्रो जनशक्तिका लागि ब्रुनाईका राजा, दुबईका शेख लगायतसँग प्रतिस्पर्धा गरिरहेका छौं । तपाईं काठमाडौंबाट चितवन जाँदा पनि पाँच घण्टा लाग्छ, उडेर दुबई जान पनि त्यति नै । त्यो दूरीमा गएर एउटा नेपालीले काम गर्छु भन्दा के आपत्ति भयो ?

पहिला हली राख्न पाइन्थ्यो, कमारा-कमारी राख्न पाइन्थ्यो । अब पनि त्यही कुरा हुनुपर्छ भनेर त चल्दैन नि ! त्यो दृष्टिले भने नेपालको लेबर महँगो भएको छ, किनभने यो एउटा वस्तुको रूपमा रहेको छ । यो नयाँ यथार्थ हो ।

कुनै पनि नेपालीलाई नेपालमै बसेर काम गर, म पासपोर्ट दिन्नँ, बाहिर जान पाउन्नस् भन्न सक्नुहुन्छ । तपाईंले उचित मूल्य नदिएसम्म, सम्मान नदिएसम्म उसले 'म यहाँ बस्दिनँ' भन्न सक्छ । यसमा चित्त दुखाउनुपर्ने केही छैन । तपाईं स्वयम्लाई भोलि अर्को देशमा १५ हजार डलर महिनाको तलबको अवसर आयो भने तपाईं जान सक्नुहुन्छ, यहाँ तपाईंको प्रतिस्थापन खोज्ने हो । जापानमा गाउँका गाउँ खाली भयो भन्ने सुन्नमा आउँछ । नेपालमा पनि गाउँका गाउँ खाली हुने स्थिति पनि आउन सक्छ । यो देशमा गाउँ पहिला पनि खाली भएकै हो । आर्थिक अवसरले मानिसहरूलाई तान्छ । हामीले आर्थिक अवसर सृजना गर्न नसकेको हो ।

यो काम हामी इन्टेलेक्चुअलले पनि गर्न नसकेको हो । नेपालमा नयाँ एअरपोर्ट बनाउँछु भन्दा पनि विरोध नै हुन्छ । कसैले नयाँ लगानी ल्यायो भने पनि विरोध नै हुन्छ । त्यो विरोधलाई छिचोलेर राज्य अघि बढेको पनि छैन । यहाँ एनरोन आउँदा पनि विरोध हुन्छ, अडानी आउँदा पनि विरोध नै हुन्छ । एलन मस्क र जुकरबर्ग आएर लगानी गर्न खोजे भने पनि विरोध नै हुनेवाला छ । लगानी आए रोजगारी सृजना हुन्छ, त्यसलाई सहयोग गर्नुपर्छ भन्ने मानसिकता छैन । अनि युवा राख्नुपर्छ-राख्नुपर्छ मात्रै भनेर के हुन्छ ? के यहाँ आन्दोलन गर्न राख्ने ? ढुंगा हान्न राख्ने ? त्यो त होइन नि त !

ठूला परियोजना बने, जलस्रोत, यातायातमा लगानी गर्नुपर्छ । आर्थिक नीति उदार बनाउनुपर्छ । त्यसले रोजगारी सृजना गर्ला । त्यस्तो अवसर नभइकन कोही व्यक्तिले म बाहिर जान्छु आफ्नो परिवार खुसी बनाउँछु भन्यो भने त्यसलाई रोक्न सकिंदैन । रोक्न पनि हुँदैन । त्यो उसको अधिकार हो ।

*देशभित्रै चित्तबुझ्दो रोजगारी नपाएकाले मानिसहरू विदेशिन बाध्य छन् । यो विषय कसरी सम्बोधन गर्ने ?*

जनता र परिवारलाई बीचमा राखेर कुरा गर्नुपर्छ । हामीले चाहेको महिनाको ४-५ हजार डलर कमाएर मानिसहरू यही देशमा बसून् र परिवारसँगै रहन पाऊन् भन्ने हो । यो आदर्श अवस्था हो । अलिकति कम तलब भए पनि दिगो रोजगारी सृजना गर्न सकियो भने मानिसहरू यहाँ बस्छन् ।

तर, त्यसका लागि धेरै सम्झौता गर्नुपर्छ, रोजगारी त्यसै आउँदैन, उद्योगहरू त्यसै रातारात खुल्दैनन् । त्यसका लागि केही सम्झौता गर्नुपर्छ । विदेशी लगानीकर्ताले राखेको शर्तहरूमा हामी खुला हुनुपर्छ । हाम्रो विकल्प नै त्यही हो । हिजो चीनले अपमान सहेर भए पनि विदेशी लगानीकर्तालाई धेरै सुविधा दिएर बोलायो । संसार धेरै अघि बढ्को छ । हामी चाहिं पुरानै मानसिकता राख्छौं । विदेशीहरूप्रति अति नै संकीर्ण भावना राख्छौं । अनि रोजगारी र लगानी कहाँबाट आउँछ भन्ने सोच्दैनौं ।

नेपाली विदेशमा गएको पनि चित्त नबुझाउने, विदेशीले यहाँ आएर लगानी गरेको पनि नरूचाउने भएपछि कसरी हुन्छ ? अहिले जे भइरहेको छ, यो अवस्थामा हुनसक्ने यही नै हो । तर, हामीले यसबाट डिपार्चर लिन जरूरी छ । त्यसो भयो भने मात्रै बाध्यताले विदेश जाने क्रम कम होला ।

राजीखुसीले बाहिर जाने कुरा कहिल्यै रोकिन्न । तर, थोरै तलबका लागि परिवार छोडेर जानुपर्ने अवस्था भने अवश्य अन्त्य होला । म आशावादी छु ।

# प्रवाशीको मर्म बुझ्ने कहिले ?



सुरेशकुमार पाण्डे

कसैलाई रहर भएर आफ्नो घर परिवार गाउँ छिमेक र देश नै छाडेर जाँदैनन् । एउटा बाध्यताले नै देश छाड्ने आधार तैयार पारिदिन्छ ।सबैभन्दा ठुलो बाध्यता देशभित्र विकास नहुँनु नै हो ।

आफ्नो देशभित्र रोजगार हुन्थ्यो भने युवाहरू आफ्नो अमूल्य शक्ति आफ्नै देशभित्र लगाउनेथिए । आर्काको देशमा आफ्नो अमूल्य श्रमलाई न्यून्तम ज्यालामा उच्च जोखिमको भूमरीमा हाम्फाल्न बाध्य हुन्थिएनन् । अहिले देशको आधा जनसङ्ख्या विदेशमा छ । लगातार हजारौं सङ्ख्यामा दिनौंदिन राहदानी बोकेर अन्तरराष्ट्रिय उडानका लागि समय कुरेर बसेका हुन्छन् । घरमा बुढा बा आमाले यो देशको भबिष्य कुरेर बसेका हुन्छन् । कस्तो दुर्भाग्य ?

त्यसपछि सन् १९५०को शान्ति तथा मैत्रि सन्धि पछि त युवा मात्र होइन ओंठ निचोर्दा दुध आउँने दुधे बालकहरू समेत छिमेकी मुलुकमा होटेल कोठीमा काम खोज्नथाले ।बाल मज्दुरको रूपमा भारतमा जाने एकप्रकारको परमपरा नै बस्यो ।

छिमेकी धनि व्यक्तीहरूलाई सस्तो पौरखी र बफादार मजदुर चाहिएको थियो भने हाम्रो शन्तानलाई पेटभरी दाल रोटी चाहिएको थियो । विस्तारै कुटो कोदालो छाडेर हामि लाहुरे बन्यौं । परदेशबाट आउँदा लाहुरेहरू उज्यालो अनुहार लिलामी कपडा भएपनि राम्रो लगाएको देखदा गाउँमा सिस्नो आटो पेटभरी खान नपुग्नेहरूलाई पनि आकार्षित गर्नु सोभाबिकनै थियो । भोकाहरू मिठो खाने नाङ्गाहरूले राम्रो लगाउँने चाहान बढ्दै गयो । ग्वाले र घँसारू जीवन त्यागेर लाहुर जाने भिड सुरूभयो ।त्यो मात्र होइन पढ्दा पढ्दैका किसोर नाबालिगहरू भागेर लाहुरे बन्ने परमपरा झाँगिदै गयो । खुला सिमानाले मानिसहरूलाई लाहुरे मात्र बनाएन थुप्रै अपराधीहरू पनि जन्मायो । कसैले बिवाह गरेर वा आर्काको महिँला भगाएर विदेशमा भाग्ने र अलपत्र पार्ने काम पनि भयो । महिँला हरूको पसु सरह भारतिय व्यश्यालयहरूमा विक्री पनि हुनथाले ।

चोरी डकैती गरेर लुक्ने ठाउँ पनि भयो । भारत नेपालको बिचमा खुला सिमानाले हाम्रो देशलाई दोहन गर्यो र हुनेसम्म नोक्सान भयो । यसबारे सबैलाई ज्ञात नै छ । जो व्यवहार अहिले पनि रोकिएको छैन ।

तर सरकारले त्यसबारेमा कहिल्यै ध्यायन् दिएन ।बरू भारतबाट अपराध चोरी गरेर नेपाल भागेको बहानामा सिमानाका सहरहरूमा सिमा पारीबाट प्रहरीहरू समेत देशभित्र पसेर आतङ्क फैलाएको हामिले देखेका छौं । भारत स्थित नेपालीहरू कुनै एकजनाले चोरी डकेती गरेर फरार भयो भने जुनसुकै नेपालीहरूले पनि उसले गर्दै नघरेको गलतिको सजाय काटेको हुन्छ ।एउटाले चोरेर भाग्यो भने सबै नेपाली चोर बनेका हुन्छन् । अपमान सहेर पनि हजारौंको सङ्ख्यामा नेपालीहरूले आफ्नो पसिना इमानदारी र बफादारिका साथ बगाउँदै आएका छन् ।

तर सिमाना छिमेकीले सिल नगर्दा सम्म हाम्रो सरकार आफ्नो कानमा तेलहालेर ढुक्क सँग बसेको हुन्छ ।

सन् १९५०को भारत तथा नेपाल बिचमा भएको शान्ति तथा मैत्री सन्धि अनुसार नेपालबाट भारतमा पुगेका हामीजस्ता नेपाली युवाहरू जसले आफ्नो ठुलो पौरख प्रदर्शन गरेर सरकारी निकाएंमा नोकरी प्राप्त गर्यो र आफ्नो पसिनाले छिमेकको बिकासमा योगदान पुरायो,वेदाग रहेर इमानदारी पूर्वक नेपाल देशलाई चिनायो ।आफ्नो सारा युवाशक्ती लगाएर बुढो भएको वेलामा यानिकी ५८/६०वर्षको आयुमा अबकास प्राप्त गरेर आफ्नो देश खोज्दै आयो ।उनिहरूलाई नेपालको सरकारले आफ्नै देशभित्र पेन्सनको बन्दोबस्थ मिलाउँन सकिन ।

बुढेस् कालमा पेन्सिनका लागि भौंतारिनु पर्ने अहिले पनि उस्तै अबस्था छ ।एउटा फौजीलाई त नेपालमा व्यवस्था गरिएको छ तर राज्यस्तरका कर्मचारी बोड निगमका कर्मचारी सँग भेदभाव गरिएको छ किन ?

अहिले पनि सरकारको ध्यान प्रवाशि नेपालीहरू तिर पुगेको छैन ।कयौं वृद्धाहरू त जान नसकेर पिन्सिनबाट वंचित भएकाछन् । उनिहरूको समस्या कसले सुन्ने ? के हामिहरू आर्काको देशमा खुसिले गयेका हौं । सरकारको जिम्मेदारी केहो ? गणतन्त्र भन्दै लुटमार गर्ने,अपराध गर्ने भ्रष्टाचार र तस्कर नगर्ने इमानदार सँग कामगरेका अवकास प्राप्तहरूको तथ्यङ्क तैयार पारेर देशभित्र पेन्सनको व्यवस्था किन गर्नसकेको छैन सरकारले ? नेपाली शन्तान् आफ्नो समस्यालाई लिएर कस्को सरणमा पुग्ने ? आखिर कहिले सम्म प्रवाशि जनतासँग सरकारले ठट्टा गरिरहला ? हजारौं मजदुरहरू छिमेकीका मुलुकमा नारकिए जीवन यापन गरेकाछन् । उनिहरूको प्रवाश पलायन बाध्यता नै हो रहर होइन तर सरकारको उनिहरूलाई हेर्ने दृष्टिकोण कस्तो छ त्यही अहिलेको प्रमुख प्रश्न पनि हो ।

प्रवाशमा कार्यरत श्रमजिविहरूले आ-आफ्नै बलबुतामा नेपाली समाजको निरमाण गरेर लगातार प्रवाशमा बसेकाहरूमा भई परिआएका समस्याहरूको समाधान गर्दै आएकाछन् ।यदि त्यसो गर्दैनथे भने प्रवाशमा नेपाली श्रमजिविहरूको अत्यन्तै दयनीय अवस्था हुनेथियो । सन १९७९देखि संगठितरूपमा नेपालीहरूमा हुने अन्याय अत्याचारको बिरोधमा आवाज उठाउँदै आएको छ । जहाँ बलियो संगठन छ त्यहाँ समस्याहरू न्यून् भएका छन् र आइ परेका समस्याहरूको समाधानपनि भएको छ ।

भारतमा बसेका नेपालीहरू अन्याय अत्याचार र आफ्नो हक अधिकारको पक्षमा आवाज उठाउने आधार भनेको सन १९५०को भारत र नेपाल बिचको शान्ति तथा मैत्रि सन्धि नै हो । जसलाई असमान सन्धिको संज्ञा दिंदै आएका छौं ।

उक्त सन्धिमा दश धाराहरू छन् ।त्यसलाई असमान सन्धि भनेर सडक तताउँने र सुरूङ्ग युद्ध लड्नेहरूको सरकारपनि बन्यो तर उल्टै उनिहरूले अन्य सम्झौता गर्दै आएको देखियो । सरकारको बाहिर बस्दा असमान सन्धि भनेर सडक शंघर्ष गर्ने र सरकारमा पुगेपछि त्यसबारेमा चुँ नगर्ने गतिविधीहरू रहँदै आएकाछन् ।

उक्त सन्धिलाई गहन अध्यायन र देशभरी मात्र होइन अन्तरराष्ट्रिय स्तरमा खुबै छलफल गर्दै जानुपर्छ । सन्धिका धारा आठ र सातले नेपालको राजनीतिमा अहेम र ऐतिहाशिक महत्व राख्दछन् ।धारा सातले देशलाई अल्पमतमा लैजान्छ भने धारा आठले देशमा भएका यो भन्दा पहिलेका तमाम सन्धि सम्झौता कवुलियत नामा सबैलाई खारेज गर्द छ ।धारा आठलाई व्यवहारिकता दिनहो भने नेपालले सन् १८१५/१६को सुगौलि सन्धिमा गुमाएको भूभाग फिर्ता पाउँनसक्छ । हाम्रा नेताहरूको लोभी र दलालि मानसिकताले वा कायर भएर त्यो बुँदालाई व्यवहारिकता दिन सकेनन् । धारा सातले नेपाली जनता र भारतिय दुबै देशका जनतालाई वेरोकटोक आवत-जावत गर्ने, व्यापार गर्ने, जमिन जग्गा खरिद विक्री गर्ने छुट दिएको छ ।

"हेर्नुहोस् सन् १९५०को भारत नेपालको सन्धि' नेपालीहरू भारतमा बसोबास गर्दा आफुलाई चाहिने बस्तु बिना आधारकाड पाइँदैन यहाँसम्म की बस्ने बास पाउँन समेत अचेल आधारकाड माग्दछन् । नेपाली नागरिकताले भारतमा केहि पाइदैन । नेपाली नागरिकता भारतमा कुनैकामको छैन् । फेरी त्यो १९५०को सन्धि केका लागि हो । भारतीयहरूले एकतर्फी रूपमा फाइदा उठाएकाछन् । देश नै अल्पमतमा पर्छ की भन्ने खतरा छिमेकीको व्यवहारले प्रष्ट पार्दै लगेको छ ।

आज नेपालीहरूलाई सरकारी नोकरी पाइँदैन यदी सरकारी नोकरीकालागि नेपाली नागरिकताबाट पाइन्थ्यो भनेपनि नेपालीहरूको सम्मान हुनेथियो ।भारतिय आधारकार्ड, भारतिय डोकोमेन्टबाट लागेको नोकरी नेपालीको अधिकार भन्न मिल्दैन । कुल मिलाएर नेपालीहरूको भारतको भूमिमा दर्दनाक अबस्था छ ।



## In the context of Nationalism in Nepal and the book " My Greater Nepal "edited by Rajan Karki' Senior most Journalist of Nepal

### A Resource book of Nationalism with 12 articles of renowned Nationalist of Nepal – An Academic and Political Review

I am very happy to go through once again all the pages of the book " My Greater Nepal "edited by Rajan Karki published in 09 May 2019 Edition.



### Uttam Karmacharya

**1. Preface**

Mr. Shankar Maghaiya was kind enough to visit me regarding the request invitation to be the chief guest on behalf of National Political Awareness Campaign ( Ratriya Rajnaitic Jagaran Abhiyan ) some years back. I know him very well and used to visit me time to time to share the National Weekly Swatantra Sancharyagram specially with the news and article of National Festive Time Reform Society of Nepal and related articles of Mr. MaheshworJuju and himself with especial reference to National Political Awareness Campaign related news and articles. Going through several issues of National Weekly Swatantra Sancharyagram and Gorkha Express weekly I felt myself enriched on National Political Awareness Campaign.We appreciate him very much for the important role he played for the promotion of Nationalization and patriotism. As I know him, he did a wonderful job as a coordinator of / to organize a national program to felicitate the ten writers of book recently published ( 2076/ 2019 entitled My Greater Nepal edited by Mr. Rajan Karki. It was a remarkable and exemplary Ceremony conducted by himself as a master of the ceremony. He came to me to offer invitation letter signed by Mr. Paruhang Kuthume Rai , Vice Chairman of the National Political Awareness Campaign with Mr. Maheshwor Juju and Active member Mr. Krishna Lall Shrestha. Thank you so much Mr. Shankar Maghaiya for thier consideration and honor as an elderly and elderly Senior Citizen.

**2. Writers of the book My Greater Nepal -Who is who**

1. Mr. Rajan Karki - Senior journalist; Editor of Gorkha Express Weekly; writer of different books; Editor of the book My greater Nepal ; and Maatobaadi
2. Mr. Bharat Dahal - Nationalist; Thinker/motivator for promote nationalism;
3. Mr. Prem Saagar Poudel – Chairperson Dafe TV; motivator of Promoting Nationalism ; and active social thinker.
4. Mr. Buddhi Naarayan Shrestha – Boundary expert; nationalist ; writers of several books; and interviewee of several TVs of Nepal
5. Mr. Narendra Prashada Upadhyaya- Editor of Telegraph; senior journalist; patriotic/ nationalist; political and thinker/ analyst.
6. Prof.Dr. Shastra Datta Panta (SD Panta ) - writers of many books; political expertise; and nationalist
7. Mr. Ratna Sansaar Shrestha, FCA - former administrator; hydrologist; social reformer; political analyst
8. Mr. Dirgha Raj Prasaai – Farmer administrator; profounder of Hinduism/ monarchy; nationalist and social reformer
9. Mr. Basanta Khadka – young social catalyst ; young journalist; involved in many civil societies / newspaper; creator of youth voices; and young nationalist
10. Mr. Sadhya Bdr. Bhandaari – revolutionist of citizenship issues; Nepal nationalist; motivator of sustainability of Nepal traditional values/ culture; senior politician


**3. Special Awardees**

Analysts dual of My Greater Nepal former General high level military/ nationalist; thinker social reformer; Dr. Prem Singh Basnet -historian strong Nationalist ; popular socio-political analyst prof. Dr. Surendra KC and the publisher of the book The Greater Nepal ; managing committee member of Ratna Saagar publication ; expertise of collection and reading books ; nationalist; social reformer; and mobilizer of social conscience/ consensus Mr. Mohan Bdr. KC was also felicitated with high regards / honor and certificate of appreciation in response to their valuable contributions.

**4. Major and minor Impressions**

1. Aforesaid ten write-ups with a preface of Mr. Rajan Karki can be considered as a first land mark in the history of Nepal with special reference to the political, socio-economic and valuable resources of Nepal being used and under used assets of Nepal because of the unbearable hegemony of India for the last fifty rears and onward to date .
2. The book can be considered as a resource book for all Nepali citizens of Nepal and working in foreign diplomatic mission especially in China and India and neighboring countries of Nepal.
3. The book can be prescribed as a textbook of for the political science for the college and university students.
4. The book can also be considered as a reference book for the national and international border issues of Nepal and Neighboring countries.
5. The official personnel of the ministry of defense and security should study this book thoroughly time to time.
6. The Nepali high level office as the office of the prime minister shroud have orientation program of these ten writes to all parliamentary members and concern personnel for their information and knowledge.
7. The book will be very useful for having study on international law and international affairs.
8. The book can be prescribed as a major document for the seminar and interaction program of international policy and diplomacy with India and nearby countries. The book should be used as a reference book in the libraries of all ministries especially in the library of parliament and cabinet.
9. This book should be used as a textbook special the ambassadors of India and China and other countries.
10. The foreign ministers and ministers of Nepal shroud study this book thoroughly time to time.
11. With the consideration of the important issues and valuable issues of all concerning writers this book should be widely disseminated as soon as possible in Nepal specially to the political parties.
12. For these purpose, there is an urgent need of publishing this book in Nepali version for wider use and dissemination.

To sum up and conclude this write up, the writer wishes to congratulate all respectable distinguished Writers of different walks of life for their valuable contribution for the promotional issues of The Greater




Nepal in different issues in the days to come. All Nepali People are very interested to go through this valuable book in Nepali version as soon as possible. Thank you so much for the editor Respectable Rajan Karki . Greetings and heartfelt congratulation for most remarkable write-ups

**Why is this book ?? Against Indian Expansionist Policy ; Indian hegemony – how long should we wait for changing ourselves? and Why do neighbors feel always terror with India ?**

——

**(Professor Dr. Uttam K. Karmacharya presently working as a Board of Director, Dr. Iwamura Hospital Memorial Hospital and Iwamura College of Health Science.** ***Prof. Karmacharya of Tribhuvan University was a former Resource Person for China ( Unesco Nanjing), Denmark, World Education , Banepa Municipality and LRCs of Indonesia, Iran, Myanmar, the Philippines, Sri Lanka, Thailand , Unesco Bangkok). Former Secretary General , National Resources Center for NFE (NRC-NFE) Patan and Director, Center for Education for All (CEFA) Banepa Nepal. )***

# BRICS: Three countries cooperation could provide an alternative of the US



#By Prem Sagar Poudel

India's Prime Minister Narendra Modi and China's President Xi Jinping held sideline talks at the BRICS summit held in Russia. India has joined hands of friendship with China while relations with America are getting colder. This is more of a compulsion than India's desire. Relations with India's neighborhoods are not good. India could not sustain Sheikh Hasina in power in Bangladesh. Hasina had been very close to India in recent years. India has a longstanding border dispute with Pakistan. India's relations with Nepal have also not been good since the blockade of 2072. In such a situation, the United States was eyeing Bhutan and scaring to India. The US, which sought India's help in IPS, has returned to Nepal after India did not break its silence. America is trying to use Nepal as an alternative to India by agreeing on IPS and SPP. After Prime Minister KP Oli agreed on a Bilateral Consultative Mechanism (BCM) agreement between the US and Nepal, the US seems to be excited.

India, which is isolated from its neighbors, will be reunited with China. India and China, whose relations have been in flux for a long time due to the border dispute, have reached a decision to move forward by gradually resolving the border dispute. Earlier, India has also settled the border dispute with Bangladesh. When the border dispute with China is resolved, there will be more pressure on India to resolve the border dispute with Nepal and Pakistan.

This BRICS summit has opened the way for India to change its policies with China, which has stopped buying not only electricity invested by China in Nepal but also electricity manufactured by Chinese companies. The improvement of China's relations with India opens the door to the development of Asia as the economic center of the world.

In this region, if the BRICS member countries including India unite, they




can do business as the regional currency in yuan, IC, or ruble which they have been doing in US dollars. If a common currency is developed among the BRICS member states, the pressure of the US dollar in the region will end forever. Not only in terms of population but also in terms of natural resources, this region is the most possibility region in the world.

With the improvement in India-China relations, Nepal will come under direct pressure from the US. Now Nepal is an important strategic area for America after India in South Asia. If Nepal does not think and take steps, Nepal will become the center of geopolitical conflict. Even now, America has started developing Nepal as that center. Due to the past history that India can use Nepal's US-oriented leadership more easily than China, China should not only try to improve India's relations with Nepal but also have to take fame. Apart from this, it seems that China should create an atmosphere of agreement with India regarding the rail route connecting India and China through Nepal. By doing this, there will be short-distance trade between India and China and the development of religious tourism in Nepal.

Recently, Russia has also tried to join hands in the development of Nepal. This topic has been discussed in various series. China can also move India forward as an ally in terms of increasing Russia's activity in Nepal. Because of the three countries, even if the government wants to, Nepal cannot go to the side of America. For this, India can easily break the growing American support for Nepal's development.

The agreement between India and China is also a matter of strategic importance for Nepal. If China can strengthen India in Nepal and advance the policy of pushing back the US, Chinese influence in Nepal can also be increased significantly. For that, as seen in the development of Nepal, the two countries or three countries including Russia should collaborate. This cooperation can give a lesson from Nepal to other countries that we can give an alternative to America.

# Smash And Grab

*By Sunanda Datta Ray*

CHAPTER 14 **Against the Law**

An additional anomaly was the exclusion of Sikkimese MPs from voting for India's president and vice-president, indicating that though Sikkim sent representatives to the Indian legislature, the titular jurisdiction of India's head of state did not extend to the kingdom. While this could mean indirect confirmation of the Chogyal's status it also introduced a constitutional contradiction that no one expected would long be permitted to continue.

The only real criticism at home came from the Hindustan Times, but it could not have been more devastating. "If it is not outright annexation, it comes close to it," thundered an editorial. "To suggest anything else would be self-deception and compound dishonesty with folly. Sikkim is to be reduced from a protectorate to a colony through nominal representation in the Indian parliament. To what end¿ What deep-seated urge of the Sikkimese people is this intended to satisfy¿" The Hindustan Times argued that the move was impermissible since the kingdom was not territorially part of India and the Chogyal's subjects were not Indian citizens; if the presence of two of them in the Indian parliament enabled the house to discuss Sikkimese affairs, that would be in violation of another country's rights. "The worst suspicions about the manner in which the protector has seduced its helpless and inoffensive ward, with some genuine and much synthetic drama, will now find confirmation. No country or peoole voluntarily choose self-effacement, and the Indian government is not going to be able to persuade the world that Sikkim's 'annexation' to India represents the will of the Sikkimese people. Indeed, this issue has never been placed before them."

Warning that this "thin cover for genteel annexation" would be followed by outright acquisition, the newspaper argued that at no time had the agitation in Sikkim espoused merger which was not even an election plank. Swaran Singh's plea of responding to Sikkimese wishes was ridiculed since an Indian draftsman had written in the provision for closer political association, and New Delhi had deliberately distorted history to rush through legislation. Chauvinistic expansion would not only frighten Nepal and Bhutan, but it was also totally unnecessary since the 1950 treaty already adequately protected Indian security in Sikkim. As the newspaper put it:

The country has a right to know whether the "annexation" of Sikkim is part of a larger frontier policy proposed to be spelt out, or whether it is an isolated aberration.

Far from doing any good, this decision-and the underlying tendency it represents-is going to bring India insecurity, unrest and international opprobrium. Congressmen as much as members of the opposition have a duty to question and oppose the betrayal of the true long-term interests and ideals of the nation for illusory gain. Only the most blind or cynical will derive any satisfaction over the sorry progression of the Indian presence in Sikkim from that of friend to master. The crusading zeal and decisiveness that the government displays over Sikkim has not been available for tackling the far more urgent problems and mounting crises at home. Perhaps there is no need for the common man to ask for bread. He's getting Sikkim.

In addition to laying bare the hypocrisy of New Delhi's shoddy manoeuvre, the Hindustan Times published a telling drawing by Sudhir Dar, showing Mrs. Gandhi in a flowered kho labelled "Sikkim", coyly preening under the arc-lights of a fashion show. It was called "The Autumn Collection." Public opinion may not have been influenced, but George Verghese, the editor, lost his job not long afterwards; the proprietor of the Hindustan Times was grumbling even six years later of Verghese's "deep prejudices."

Other countries sat up in alarm. Bhutto accused India of swallowing up Sikkim. Landlocked, vulnerable, and entirely dependent Bhutan, which had already repealed a law whereby the monarchy needed a three-yearly vote of confidence from an assembly that might be susceptible to pressure, also let it be known that it would like Indian advisers to be gradually phased out. Nepal, being more confident, rumbled in less indirect protest. "It is natural for us as close neighbors to feel concerned at the events of the past one year in Sikkim" announced the foreign minister, Gyanendra Bahadur Karki. Dwelling on historical ties between the two kingdoms, he added: "As Sikkim is Nepal's closest neighbor, we would naturally like it to retain its traditional entity." A Rashtriya Panchayat member's calling attention motion complained that "a small state being swal- lowed by a big country in the present epoch is a matter of concern to us." There were public meetings to protest against "India's policy of colonialism and imperialism"; 500 students demonstrated outside the Indian embassy at Kathmandu and its library was stormed, and several Indian shops were looted as anti-India riots spread.

In China the People's Daily denounced the move as a "flagrant act of colonial expansion," while Hsinhua, the news agency, compared Indian actions with Russia's 1968 invasion of Czechoslovakia. "One is a super power and the other is a sub super power. One takes over the mantle of the old czars while the other steps into the boots of colonialism. One carries out expansion m all parts of the world while the other expands in South Asia. This is the root cause for India's annexation of Sikkim."4 The dispute spilled over into the UN where Rikhi Jaipal, India's representative, tried to rebut Chinese accusations with the bland lie that "in the days of British rule over India, Sikkim was a princely state under British protection exactly like the other five hundred odd princely states that were protected by Great Britain," and that New Delhi had merely acceded to Gangtok's request to accommodate two Sikkimese MPs:

This is all that has happened. It is a natural and free political evolution of the people of Sikkim in the direction of internal democracy and closer links with neighboring India. This is entirely in accordance with the wishes of the people of Sikkim as expressed in their elections. contd...

# भारतको द्वेषभावले नेपाल पछि पर्‍यो



डा. शास्त्रदत्त पन्त

दलले अपराधी संरक्षण गर्दछन्, अपराधलाई राजनीतिकरण र राजनीतिलाई अपराधीकरण गर्दछन् । यस्तो खाले प्रवृत्ति सबैखाले दलमा पाइन्छ । कुनै दल सिद्धान्तमा चल्दैनन् । यो पद्धति गणितीय नभएर विवेकीय हुदै गएको छ । यसले के पुष्टि गर्दछ भने सबै ठाउँमा एकै यस प्रकारको पद्धति र शासन हुँदो रहेनछ ।

किनभने सबै भूभागमा सबै जीवन शैली, संस्कार संस्कृति, चेतनाको स्तर एकै नासे हुँदैन । त्यो प्राकृतिक बनोटको आधारमा व्यवस्थित भएको हुन्छ । प्रकृतिलाई मानिसले उल्टाउन सक्दैन । तदनुरूप राजनीति व्यवस्था नमिले देशको उन्नति सही रूपमा हुन सक्दैन । देश पछि पर्छ । सर्वाङ्गीण उन्नति गर्न सकिँदैन । त्यहाँ नैतिकता गिर्छ । भ्रष्ट्राचार बढ्छ । जिम्मेवारी बहन हुँदैन । अतः देशको राजनीति पद्धति त्यसै देशका जनताले आ-आफ्ना स्रोत साधन अनुरूप आफैँले बनाएको नीति र कार्यक्रम अनुसार भए मात्र सफल हुनछ, प्रगति छिटो हुन्छ । अन्यथा दल प्रतिस्पर्धी बन्न सक्दैनन्, मुलुकलाई तरल र अनिर्णित अवस्थामा राखि राख्दछन् । देश गरीब र कमजोर बन्दै जान्छ ।

अर्को कारण हो आन्तरिक अशान्ति, सदा द्वन्द्व, कलह र लुछाचुँडी भइरहनु र कुनै सर्वमान्य बाटोको आधार निर्माण गर्न नसक्नु । राणा शासन पद्धतिमा प्रधानमन्त्री सर्वशक्तिमान हुने भए पनि त्यो जहानिया हुने भएकोले आपसमै मारकाट गरेर सदा अस्थिर बनिरन्थे । त्यसलाई बिद्रोहबाटै अन्त्य गर्नुको विकल्प थिएन । त्यो न्यूनतम मानव क्षतिमा परिवर्तन भयो । राजा हुनुको महत्व त्यहाँ पनि देखियो । त्यसपछिको अवस्थामा द्वन्द्वको आवश्यकता थिएन, सबै परिवर्तन चुनावबाटै हुन सक्ने अवस्था छँदाछँदै दलहरू नै निरन्तर द्वन्द्वमा मात्र केन्द्रित रहे । नेकाँले २०१८ र २०२६मा दुइपटक आफ्नै मुलुकभित्र सशस्त्र युद्ध गर्‍यो, दुवै अवस्थामा भारतको सहयोग रह्यो । अर्कातिर नक्सालवादी नामका साम्यवादीले काटमारको आततायी गृहयुद्ध मच्चाए । यी दुबै मिलेर गरिएको आन्दोलनमा २०४६ सालमा यिनका सबै माग पुरा गरिए र यिनै दलले बनाएको संविधान २०४७ लागू गरियो । तर पनि दलदलबीच निहित स्वार्थको भागबण्डा नमिलेकै कारण माओवादको नामले सशस्त्र युद्ध भयो । यसलाई विश्वले नै आततायी घोषणा गरेकै कारण दश वर्ष लामो हुन पुग्यो । सभ्यता मास्ने इसाईको स्वार्थ र सार्वभौमिकता मास्ने भारतको स्वार्थ तथा नेपाललाई फुटाउने र विपन्न गराई राख्ने दुवैको स्वार्थ मिलेकोले तिनले, तालीम, हतियार तथा आश्रयको व्यवस्था गरिदिए । त्यस कारण २०७२मा उँटजस्तो संविधान बनेको छ । यसले नेपालीलाई हैन उक्त दुई विदेशीको मात्र स्वार्थ सिद्ध भएको छ । नेपाल विपन्नतम हुँदै गएको छ । आर्थिक सबै श्रोतसाधन विदेशीका हातमा पुगेका छन् ।

सात दशकसम्म देशमा अस्थिरता यति धेरै भयो कि आफूले त गर्न सकेन, सकेन विदेशीले बनाई दिएका आर्थिक उन्नतिका ६ दर्जन बढि पूर्वाधाारहरू पनि सबै बेचेर खाए, दल चलाउने खर्च बनाए । यति बेला कैयौँ विदेशीले किन सहयोग गर्ने नेपाललाई भन्ने प्रश्न खडा भएको थियो, छ । सहयोग किन दिने, किन लिने  जस्ता अनेकानेक प्रश्न खडा भएका छन् । केही उदाहरण हेरौं ।

स्विजरलैण्डले सहयोगमा जिरी गाई फार्म बनाइदियो । राजा वीरेन्द्रले राजदरबारभित्रै गाई पालेर देशवासीलाई उदाहरण देखाइदिए तर दलको सरकार भएपछि दरबार र जिरी फार्म दुवैको नाश गर्‍यो । पातञ्जली योगपीठले हजार गाईको फार्म बनाएर देखाउन चाह्यो तर भारतले नेपालमा ल्याउनै दिएन, नेपालले पहलगर्ने आँटै गरेन । यतिखेर चीनले गाई पालन, कृषि उद्योगलाई बढाउन हात फैलाएको छ । त्यसलाई पनि दलीय सरकारले विनाश गर्‍यो ।

चीन र रूसको सहयोगमा नेपाललाई आत्मनिर्भर बनाउने अनेक औद्योगिक प्रतिष्ठानहरू, विद्यूत उत्पादनहरू, यातयातका मार्ग र साधनहरू आफैँ आएर बनाई दिए, तालीम दिएर शीप पनि सिकाइदिए तर ती सबै मासिए र बेचिए सबै भारतीयलाई नै बेचिए ।

रूस र चीन लगायतका साम्यवादी मुलुकको सहयोगमा निर्मित सडक यातायत, ट्रलीबस आदि बेचिनुमा अन्तरराष्ट्रिय चलखेल छ, सो बिमाख बनाउनमा नेपालका सबै ठूला दलहरू तिनको गाटी बनेकाछन् । इण्डियाको प्रमुख र प्रत्यक्ष हात छ । जोनाथान ग्रेग्सनको भनाईमा नेपालमा विश्वमै उच्चतम विकास भएको समय विसं २०१८-२८ को दशक हो, त्यस बखत मुलुकमा स्थिरता र शान्ति थियो ।ड्ढ त्यस कालको शासन पद्धति मौलिक थियो । वैदिक समाजवादको नजिक थियो । साम्यवाद र पुजिपति भन्दा भिन्न थियो ।

नेपालको आर्थिक सम्मृद्धतामा भारत नै सबैभन्दा ठुलो बाधक छ, आधा परिस्थितिवस र आधा नियतवस । यस विषयमा जे कुरा मैले यहाँ उललेख गर्न गै रहेको छु, त्यो विश्वका कसैले पनि नपत्याउने खालका छन् । तर त्यो सत्य हो । विश्वका त छोडौं, कति त नेपालीले पनि पत्याउँदैनन् । तर पनि जाम्बवानले हनुमानलाई उनको शक्तिबारे सम्झाए पछि उनले आफ्नो प्रतिभा जसरी थाहा पाए पौरस्थ्य संस्कार र सभ्यताको बारेमा खास गरेर नेपाल र भारतका राजनीतिक दललाई संझाई दिए सकारात्मक सोच लिएर प्रगति उन्नती तर्फ बढ्छन् कि भन्ने आशयले धृष्टता गरिएको छ ।

भारतले सन १९४७मा राजनीतिक स्वतन्त्रता मात्र पाएको हो, तर आजसम्म भारत स्वतन्त्र भएको छैन । ऐन नियम, आर्थिक प्रणाली, करप्रणाली, धर्म संस्कार, खानपान, रहनसहन, औषधि उपचार पद्धति सबै अँङ्ग्रेजकै कायम छन् ।

भारतले संस्कृत पढाउन सकेको छैन, अँग्रजीलाई सरकारी कामकाजी भाषा बनाएको छ । उः पश्चिमाको दास छ, नियत पनि पाश्चात्य र औपनिवेशिक छ । मौलिक पौरस्थ्य राजनीति, अर्थनीति, आचारण सामाजिक नीति छाडिसकेको छ । नेपालले बचाएको वैदिक शासन पद्धतितिर जाने दलबिहीन पञ्चायत व्यवस्थालाई मास्न भारत र पश्चिमाले किन बाध्य पारे भन्ने प्रश्न औधि चाख लाग्दो छ, गहन खोजको बिषय छ ।

वैदिक समाजवाद या मिश्रित शासन पद्धतिलाई उत्थान गर्ने कोशिस गरेका महात्मा गाँधी मारिए तर नेपालले त्यो दर्शन ब्युँताउन कोशिस गरेको थियो । वैदिक समाजवादी शासन व्यवस्थालाई परिभाषित गर्न कोसिस गरिएका बेला पश्चिमी प्रहारका कारण सो व्यवस्थानै नाशियो । पश्चिमा भौतिक उपभभोक्तावादी नेहरू डक्ट्राइन बोक्ने भारतीय दलले नेपालका दललाई उक्साए । वास्तबमा वैदिक शासन पद्धति न भूगोल केन्द्रित हुन्छ, न मानवकेन्द्रित । लोकतन्त्र हैन, यसमा त प्रजातन्त्र हुन्छ । यो विश्वभरका सबै प्राणीलाई शुखमय र शान्तिमय जीवन बनाउने यस्तो पद्धति हो जसमा विपक्षको आवश्यकता पर्दैन । किनकि त्याहाँ कसैमा पनि पापी र स्वार्थी मन हुदैन, सबैमा विवेक हुन्छ, नैतिकता हुन्छ, धर्म हुन्छ र आस्था हुन्छ । त्यस्तो वातावरण त्यहाँको शिक्षा, ज्ञान र समाजको पद्धतिले सुरक्षित बनाउँछ, सनातन गराउँछ । जब क्षणिक स्वार्थको लागि कही दानव, कहीं दैत्य, कही राक्षश र कहीं अशूरहरूको प्रवेश हुन्छ, अनि सत्यमा आधारित सिद्धान्तमा विचलन आउँदछ । प्राच्यले यो समस्या भोगेको १३१८ वर्ष भै सकेको छ, ५०-५५ पीढि दरपीढि बितिकेका छन् । जिन-जिनमा रहेको संस्कार पनि नाशप्रायः भै सकेको छ । त्यो पूर्वको र पश्चिमको हुँदैन, त्यो विश्वब्रह्मण्डको साझा हुन्छ ।

भारतसित नेपालको सामिपयता वैदिक संस्कारको कारणबाट हो । नेपालले जोगाइराखेको त्यो संस्कार जरैसित उखेल्न, हिन्दु अधिराज्य हटाउन, संसकृत विश्वविद्यालय तोफोडगर्न समेत भारतले सघायो । यो अनौठो कुरा हैनर ?

भारतको अन्तरनिहित चाहनाले नेपालको विकास गतिनै अवरूद्ध भएको छ । भारत निर्भर बनाउने दृढता रहको पाइन्छ । गण्डकआयोजनाबाट नेपालको तराई त पीडित भयो नै तर त्यही आयोजना तेर्स्याएर मोदी प्रथमनै अवरूद्ध गराई दियो, सौदी कोशको ऋण सहयोग रोकिदियो । कनकाई हाइडयामका लागि आइ.एम.एफ.को ऋण लिन अवरोध गरिदियो । कर्णाली, आयोजनाको मेन स्विच भारतमा राख्न पाउनु पर्ने र आयोजनामा भारतीय सेना राख्न पाउनुपर्ने हठखाले प्रस्तावले गर्दा यी योजना असफल बनाइए ।

स्वयम्भुनाथ कार्की

# सधैं शक्तिको स्रोत जनता

जती खेर बाईसे चौबीसे राज्यहरू लगायत तीन शहरका शासकहरू  भोग विलासमा मस्त थिए त्यही समयमा बीस बर्षे गोरखाली ठिटो राजा भए पछि निरन्तर जनताको सल्लाह सुझाव र सहयोगको निमित्त भौतारिरहेको थियो । बीसे नगर्चीको सल्लाह अनुसार जनताबाट सहयोग र साथको आकांक्षा लिएर भौतारिएको राजालाई जनताले निरास बनाएनन्, बरू शक्ति थपिदिए र नै आधुनिक नेपालका एकिकरण कर्ताको रूपमा श्री ५ पुथ्वीनारायण शाहको नाम कायम भयो । सानो राज्य गोरखाले आफु भन्दा शक्तिशाली र ठुला राज्यलाई नेपालमा मिलाउन सफल हुनुमा जनताबाट उनलाई प्राप्त शक्तिको भुमिका छ । जो शक्ति मृत्यु पर्यान्त यानी आगामी बाह्र बर्षसम्म उनले निरन्तर पाई रहे । उनका छोरा प्रतापसिह शाहको छोटो कार्यकालमा पनि जनता शक्तिका श्रोत हुन भन्ने सत्य स्विकार गरियो ।

प्रताप सिंह शाह पछि नेपालमा दुई बर्षको उमेरमा पहिलो शिशुराजा भए जसको नायबीको कलहमा शक्तिको श्रोत जनतामा हुन्छ भन्ने सत्य नकारियो र भारदार वा कुलिन वर्गको गुट र उपगुटहरूमा शक्तिको श्रोत हुन्छ भन्ने गलत मान्यताले जरो गाड्यो । यसको असर त हुनु नै थियो भयो, कहिले थापा कहिले पाण्डेको कलहमा फसेर सर्वसाधारण जनता समेतका पुखाको रगत पसिनाले बनेको मुलुकमा राजाहरू सय सवासय बर्ष खोपीमा थुनिन बाध्य भए । राजा राज्यच्यूत भएर आफ्नो छोराको वैधानिक सत्तामा पनि जेलमा थुनिन बाध्य भए । यदी राजेन्द्र विक्रम शाहले सर्वसाधारण जनता शक्तिका श्रोत हुन भन्ने तथ्य स्विकारेका भए जंग बहादुरले उनलाई जीवनको उत्तरार्धमा जेल हाल्न सक्ने थिएनन् । अझ राजेन्द्र लक्ष्मी र बहादुर शाहको बीचमा मनोमालिन्य नभएको भए थापा र पाण्डे खलकको खुनी जुवारी चल्ने थिएन र नेपालले विकास तर्फ पनि पाईला बढाउने थियो होला ।

त्यतिवेला राणाहरूले खोपीमा थुनेर राखेका राजालाई त्यस कैदबाट बाहिर निकल्न सर्वसाधारण जनता नै लाग्नु पर्‍यो बरू यो गरे वापत ती वीर नेपाली सपुतले आफ्नो ज्यान नै गुमाउनु पर्‍यो । नेपालीले प्रात स्मरण गर्ने गरेका पहिला चार शहीदका रूपमा आफ्नो नाम लेखाएर नेपाली जनताले आफ्नो कर्तव्य पुरा गर्‍यो । जनता शक्तिका श्रोत हुन भन्ने कुरा पुन स्थापित भए पनि जनतासम्म निरन्तर पुग्न कोही तैयार भएनन् । यस काल खण्डदेखि मुलुकमा राजाले शासन गर्छन भन्ने मान्यताको बदला जनताले चुनेका प्रतिनिधिले शासन गर्छन भन्ने मान्यता शुरू भएकाले जनता शक्ति श्रोत हुन भन्ने कुरा नेताहरूले मान्नुपर्ने थियो । यो माने पनि जनतालाई भागबण्डा लगाउने परिपाटी शुरू भयो। यी हाम्रा, यी विरोधीका भनेर जनतालाई टुक्रा पार्ने त्यतिखेर शुरू भएको अपराध कायम नै छ ।

दलहरूलाई आआफ्नो धुनमा मस्त रहन छोडेर फेरी युग पछि राजा महेन्द्र सर्वसाधारण जनतासंग शक्ति प्राप्त गर्न जनताको घर दैलोमा पुग्न थाले । जनताको शक्तिका श्रोत हुन भन्ने सत्य बोध भएका उनले अत्याधिक बहुमत प्राप्त सरकारको ठाउमा आफैले सत्ता संचालन गर्ने हिम्मत गर्न सके । पछिल्ला एघार बर्ष उनको कार्यकालमा जनता जनता विच भिन्नता हैन एकता ल्याउने प्रयत्न गरे । जनतासंग प्रत्यक्ष सम्वन्ध कायम गर्ने कामलाई महत्व दिएका कारण उनको त्यो एघार बर्षको कार्यकालमा कुनै ठुलो विरोध खेप्नु परेन । तर यो अबस्था उनी पछि भने कायम रहन सकेन, भाई भारदार नातेदार वा प्रभवाशाली मानिएकाहरूले बनाएको घेरा राजतन्त्रले चिन्न सकेन । राजा र जनताको प्रत्यक्ष सम्पर्कको कुरो त परै जाओस सामान्य दर्शनभेटमा पनि पोशाक, दरवारिया भाषा जस्ता व्यबधान खडा गरेर राजा र जनता विचको पर्खाल झन मजबुत बन्दै गयो ।

अन्ततः सर्वसाधारण जनताबाट टाढा भएको परिवार पारिवारिक कलह कै कारण मृत्यु बरण गर्न पुग्यो । यो तथ्यमा कसैले आरोपको रूपमा अगाडी सारेको पात्र होस वा छानविन समितिको प्रतिवेदन होस दुवैले परिवार भित्रवाट नै हत्याकाण्ड मच्चिएको तर्फ औल्याउछन । त्यसैले जनताबाट टाढा भएर आफै र आफ्ना सिमित घेरामा बाँधिएको राजपरिवारले विभत्स रक्तपातको शिकार हुन परेको भने तथ्य हो । त्यस पछि राजाले घेरा तोड्न नसकेको कुरा भन्न कठिन छैन । घेरा तोड्ने सामर्थ्य थियो, बलियो ईच्छा नभएको जस्तो देखिएको कुरा हो ।

नारायणहिटीबाट विदाई लिने वेलामा हाम्रा तर्फबाट बोली दिने कोही भएनन भन्ने गुनासोले पर्खाल वारीका जनताको मन छोयो । पाखा लगाईएका उनलाई यदी जनताको शक्ति स्विकार गर्ने भएमा हामी साथ छौ भनेर जनाउ दिन जनता उनी तर्फ ओईरिदै छन ।  अब यो ओईराई कत्तिको स्थाई हुन्छ त्यो भने जनताको हातमा भन्दा स्वयं पाखा लगाईका राजामा नै निर्भर गर्दछ । सर्वसाघारण जनताले भने विगत केही बर्षमा विचको त्यो पर्खाल कमजोर भएको महशुस गरे पनि हालका केही समयदेखि त्यो पर्खाल फेरी मजवुत र अझ अग्लो हुँदै गएको महशुस गर्दैछन । नेपालको आजको अबस्थामा धेरैले उनलाई उज्यालोको किरणको रूपमा हेरेका छन । जनताबाट शक्ति लिन आफु र जनताको विच अबरोध हुनुहुँदैन भन्ने तथ्य कुनै राजाको जीवनमा आई पर्ने सबैभन्दा कठिन र पिडादायक अनुभव बटुलेका राजा ज्ञानेन्द्रलाई थाहा छैन होला भनेर मान्न कोही तैयार छैन । आफ्ना पुर्खा पृथ्वी नारायण शाह, पिता महेन्द्र शाहलाई सम्झेर राष्ट्र र जनताको भलो गर्न कुनै पनि रूपमा आउनु उनको कर्तव्य पनि हुन आउँछ ।

# दीपावलीले, हिंसा हटाओस्, उज्यालो ल्याओस्



देवी काफ्ले

घरसमाजमा बढ्दो हिंसाभन्दा अँध्यारो के हुनसक्छ ? यतिबेला घरसमाजमात्र होइन, मुलुकै अँध्यारोमा छ । राज्यहिंसा उत्तिकै छ । शासकीय हिंसा पनि बढेको छ । कानुनव्यवस्था, समाज व्यवस्था सबै लथालिङ्ग हुनपुगेका छन् । यसकारण पनि हामीलाई उज्यालो चाहिएको छ । दीपावलीको महत्व भनेकै उज्यालो हो । हरेक मन मनमा, शासनमा, न्यायलयमा सबैतिर उज्यालो चाहिएको छ । अँध्यारो धेरै भयो, अब उज्यालोको लागि कामना गरौं, कर्म गरौं, सद्बुद्धि पलाउन् । सभ्य समाजको सिर्जनामा दीपावलीको महत्व यसकारण छ ।

आजकल दैनन्दिनी रूपमा प्रायः आत्महत्या भैरहेका छन् । आत्महत्या किन र के कारणले गरेका छन् ? त्यसतर्फ ध्यान जानू आवश्यक देखिन्छ । साँच्चै आत्महत्या नै गरेका हुन् वा आत्महत्या दुरूत्साहनमा परेका हुन् ? या मारिएर आत्महत्याको नाम दिइएको हो ? गम्भीर छानबिन हुनुपर्ने हो, हुनसकेको छैन ।

हामी देशको कानून नै फितलो भन्छौं तर मलाई लाग्दैन कि कानून फितलो हो । यहाँ त कार्वान्वयन पक्ष फितलो छ । भिडले निर्दोषलाई पनि दोषि करार गरिदिन्छ यहाँ । छानबिनलाई प्रत्यक्ष असर पार्छ । तर कार्वान्वयन पक्षको कमजोरी यति धेरै छ कि, नातावाद, कृपावाद, दलीय सदस्यता, पेटबिटोका कारण निष्पक्ष न्याय गरेकै छैन ।

फेरि अर्को पक्ष के छ भने, जब हिंसामा चेलीहरू पर्छन् तब परिवारको साथ समाजले भिडमा दिन्छ केही समय पछि पैसामा कारोवार गरि परिवार नै घटना साम्य पार्न चाहान्छ । यसको ज्वलन्त उदाहरण त निर्मला पन्त नै हुन् । यस्ता अनगिन्ति हिंसाका घटनाहरू समाजमा व्याप्त छ । जब राजनीति नै हिंसामय हुन्छ, समाज हिंसाले रगताम्मे हुनु स्वभाविक हो ।

भिडले घटनालाई तोडमोड पारिदिन्छ । चितवनकी सुजिता भण्डारीको केश यस्तै थियो । त्यहा पनि केही अभियन्ताको भिडले हत्यारालाई फाँसी दे भनेर नारा लगायो, छानबिनमा बाधा पार्यो तर मृत्यु प्रकरण फरक थियो । आफ्नो गल्ती ढाक्न नाटक मन्चन गरि मर्नेहरूका कारण मारिएका चेलीमाथि पनि शङ्काको दृष्टि पुऱ्याउनु पर्ने भयो ।

बढ्दो आधुनिकताको परिवर्तनले हाम्रा छोराछोरीमा पनि गलत प्रबृतिको हालीमुहाली गरिरहेको छ । संयमता भन्ने कसैसंग छैन । रिस, डाहा, ईर्ष्या, देखावटीपनले आजका मानिसको दिलोदिमागमा घर गरेको छ । सहनशीलता शून्य छ । हरेक परिस्थितिमा आवेशमा आउने स्वभावको क्रमिक बिकास भैरहेको छ । यसैका कारण पनि हत्या, आत्महत्या बढेको त हैन ? सोचनीय बिषयवस्तु यही हो आज । अधिकारको दुरपयोग, स्वतन्त्रताको गलत उपयोग, नैतिक शिक्षाको अभावले पनि आज मान्छे अत्यन्त जिद्दी बनेका छन् । आफ्नो सानो माग पूरा नहुँदा कलिला बालबालिकाले समेत आत्महत्याको बाटो रोजेका कैयौं उदाहरण छन् । यस्ता प्रबृतिको बिकास किन र कसरी भयो, छलफलको बिषय बनाउनु पर्छ ।

आज मानिस पूर्ण परिवारमा रहन चाहँदैनन् । एकल परिवार सबैको रोजाई बनेको छ । कतै एकल परिवारको कारण पनि मानिस स्वार्थको साँघुरो घेरामा परेको त हैन  ? आधुनिक युग बिज्ञानको युग हो । बिज्ञानका केही पक्षहरूले मानिसलाई एक्लो बनाएको छ । आधुनिक उपकरण प्रयोगमा मान्छे यति धेरै ब्यस्त छ कि परिवारसंग संगै बसेर एउटा शब्द बोल्न फुर्सद छैन, परिवारमा प्रत्येकका हातमा मोबाइल, ट्याव थामिएका छन् । मनोरन्जनका लागि होस् वा कामैले होस् पारिवारिक, आर्थिक, सामाजिक बिषयमा छलफल नै हुँदैन । लाग्छ घरमा मान्छे नै छैनन् । अनि दुखसुख, माया ममता के हो नयाँ पिंढी कसरी जानकार हुन्छन् त ? यसैकारण पनि मानिस एक्लिएको छ । हुनसक्छ यसैकारण पनि मानिस डिप्रेसनमा पुगेर मर्न, मार्न, एक्लै टोलाउन तम्सिन्छ कि ? आज पुरूष, महिला मात्रै नभएर बालक, युवा, बृद्धाहरू पनि स्वमृत्यु रोजिरहेका छन् । किन अनमोल जीवन नष्ट गर्न लागेका छन् ? किन जीवनबाट वाक्क छन् ? धेरै प्रश्नहरू छन् ।

आखिर किन मरण र मारणको अवस्थामा मान्छे पुगेको छ ? किन आत्महत्या जस्तो अस्वाभाविक मृत्यु रोजेको छ ? यस्ता अपराधीक कृयाकलापलाई रोक्न के गर्न सकिन्छ ? बहसको बिषय यसलाई बनाउने कि ?

सरकार, प्रहरी प्रशासनको कमी कमजोरीलाई पनि सुधार गर्नै पर्छ । जनताले छिटो र छरितो न्याय खोजेको हुन्छ । छानबिन भन्दै केश इतरउतर पार्न तिर लाग्यो भने अपराधी सहजै उम्कन्छ र भिडले मात्रै तोकेको दोषीलाई अपराधी करार दियो भने हुन सक्छ निर्दोषले सजाय पाउँछ त्यसैले प्रहरी प्रशासनको काम चुस्तदुरूस्त होस् । समग्रमा अपराधीक घटनाको न्युनिकरण होस् । हामी पनि बेलैमा सजग बनौं । सकेसम्म अनाहकमा कसैले ज्यान गुमाउन नपरोस् । दिपावलीमा माता लक्ष्मीले सबैलाई सद्बुद्धि दिउन् । समाजमा बढ्दो अपराधिक घटनाको अन्त्य होस् ।

सम्पति शुद्धीकरण
अनुसन्धान विभागको सूचना

अपराधजन्य कार्यबाट सम्पति आर्जन गरी त्यस्तो सम्पत्तिको वास्तविक प्रकृति, स्रोत, स्थान, निःसर्ग, कारोबार, स्वामित्व एवम् सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने वा बदल्ने; रुपान्तरण वा हस्तान्तरण गर्ने; प्राप्ती, प्रयोग वा धारण गर्ने समेतका कार्य गरी गराई सम्पति शुद्धीकरणको कसुर (Money Laundering) र आतङ्ककारी व्यक्ति वा सङ्गठनको प्रयोजनका लागि कुनै पनि प्रकारले सम्पत्ति वा कोष सङ्कलन, सहयोग वा सहजीकरण गरी गराई आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसुर (Terrorist Financing) नगर्न नगराउन सम्बन्धित सबैमा सूचित गरिन्छ । उल्लेखित कसुर भए गरेको अवस्थामा सम्पति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ३० बमोजिम सजाय हुनेछ ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सम्पति शुद्धीकरण अनुसन्धान विभाग
पुल्चोक, ललितपुर

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८१-८२
का.जि.का.द.नं. २५-०३९/४०  भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८१ कात्तिक २०, Nov. 5, 2024






# निराशाबाट निस्कनुपर्छ

दशैं तिहार सकियो, छठ आउँदैछ । छठपछि देशैभरि परिवर्तनको आँधिबेहरी आउनेछ । कस्तो परिवर्तन ? त्यो कसैले भन्न सक्दैन । यो भ्रष्ट ओली सरकार फेर्नेमात्रै हो कि भ्रष्ट बनेर गनाइसकेको पद्धति नै फेर्ने हो ? सडकमा अनेक गुट देखिएका छन् । कात्तिक १० गतेदेखि खबरदारी सभा गर्दैरहेको प्रमुख प्रतिपक्षी माओवादीदेखि जनमत पार्टीसमेत आन्दोलित छ । रास्वपा त सडकमै छ । राप्रपाले मंसिरमा निर्णायक आन्दोलन गर्ने कार्यक्रम बनाएको उहिल्यै हो । राष्ट्रिय शक्तिका केशर बिष्ट उचालिएका छन् भने दुर्गा प्रसाईले आन्दोलनको आगो फुकिरहेकै छन् । यसैवीच सबै जिल्लामा अभिनन्दन भइसकेपछि राजधानीमा पूर्वराजाको अभिनन्दन गर्ने कार्यक्रम बन्दै रहेको खबर छ । एकथरि ओली सरकार फालेर अर्को भ्रष्टहरूको सरकार बनाउने तरखर छ भने अर्काथरि यो अवस्था फेर्न नसकेको व्यवस्था नै फेर्ने आन्दोलनको कुरा गरिरहेका छन् । हो, भ्रष्टाचार चरमचुलीमा छ, अभाव, बिकृति, बिसंगति सफा गरिसाध्य छैन । बेरोजगारी र महगीले जनजीवन छटपटीमा छ । यो दुरावस्था यो पद्धतिकै देन हो भन्ने आमनागरिकले बुझ्न जरूरी छ । ओली सरकार फालेर यो लथालिङ्ग अवस्थामा सुधार आउनेवाला छैन । ओली गए देउवा, देउवा गए प्रचण्ड, यो त म्युजिकल चेयरजस्तो भएन र ? १८ वर्षदेखि यही नै त भइरहेको छ ।

मुलुकलाई दुरावस्थामा पुऱ्याउन जिम्मेवार भनेका कुनियतवाला नेता र बेइमानहरूको संरक्षण गर्ने यो पद्धति नै हो । यसकारण यो पद्धति परिवर्तन नभएसम्म र कुनियतवालाले दण्ड नपाउन्जेल कुनै सुधार हुनेवाला छैन । पद्धति परिवर्तनको आवाज उठाउनेहरू आपसमा बिभाजित छन् । यहीकारण तिनको आन्दोलन जबरजस्त हुनसकिरहेको छैन । आन्दोलनमा मुख्य सहयोग जनताको चाहिन्छ । जब जनता आक्रोशका साथ आन्दोलनमा सहभागी बन्छन्, जनताले नचाहेको व्यवस्था ढल्छ ॥ वर्तमान अवस्थामा यो पद्धति र यी नेताप्रति जनतामा नैराश्यता बढेको छ । यो नैराश्यतालाई आक्रोश, आक्रोशलाई बिद्रोहमा परिवर्तन गर्नसक्ने दह्रो नेतृत्व देखिन्न । यहीकारण हो, जनताले नचाहेको पद्धति जनतामाथि थोपरिएको छ ।

पूर्वराजाले पटक पटकका अभिनन्दन समारोहहरूमा मिलेर अघि बढ्न गरेको आह्वानलाई नेताहरूले कमजोरी सम्झेका छन् । आमनागरिक यी नेतृत्वपंक्तिलाई नालीमा देख्न चाहन्छन् तर राजाचाहिं मिलेर अघि बढ्ने कुरा गर्दा पनि बिद्रोहको आगो बल्न नसकेको तर्क धेरैको रहेको छ । यी नेता फाल्नुपर्छ, यो पद्धति फेर्नुपर्छ भन्ने विश्वास दिलाउन जरूरी छ । त्यति भयो भने भुइँमान्छे र पार्टीमा लागेकाहरूसमेत परिवर्तनको पक्षमा उभिन आउनेछन् । आन्दोलनको नाममा उही घुम्दैफिर्दै रूम्जाटारको शैली हो भने त्यस्तो आन्दोलन पहिले पहिलेजस्तै नारामा सिमित हुनेछ । आन्दोलनकारीहरूले पहिले १८ वर्षदेखि नेतृत्वले गरेका भ्रष्टाचार र अनियमितताको एक एक हिसाव हुनेछ भन्ने प्रत्याभूति दिने हो भने आन्दोलन सफल हुनसक्छ ।

जनघात र देशघात गर्नेहरूले छुट पाउनेछैनन् भन्ने कुरा सार्वजनिक हुनुपर्छ । परिवारवाद चलाउने, व्यभिचार गर्नेहरू दण्डित हुनेछन् भन्ने मुद्दा उठ्नुपर्छ । अबको आन्दोलनले परिवर्तन ल्याउँछ, विधिको शासन र जनताको अपेक्षाको संवोधन हुन्छ भन्ने थाहा पाउनासाथ आमनागरिक सडकमा उत्रनेछन् । सार्थक आन्दोलनको सम्भावना बढ्नेछ । देशले खोजेको सार्थक आन्दोलन र सही परिवर्तन हो ।

आन्दोलनकारीहरू जो छन्, बाँडिएर होइन, एकतावद्ध भएर सडकमा निस्कनुपर्छ । केही समर्थक लिएर एकदिने जुलुस निकालेर केही हुनेवाला छैन । राजधानी ठप्प पार्नसक्नुपर्छ, हलचल गर्न नसक्ने पार्नुपर्छ । त्यसका लागि समर्थकको ।सथमात्र भएर पुग्दैन । दिग्भ्रमित जनतालाई पनि तानन सक्नुपर्छ । माओवादी, रास्वपा, जनमतहरूले गरिरहेको आन्दोलन ओली फेर्ने लक्षित छ, त्यो आन्दोलनले कुनै फल दिदैन । पद्धति फेर्ने आन्दोलनले मात्र नेपाल र नेपालीको समुन्नत भविष्य निर्माण गर्नसक्छ । सिंहदरवार कब्जा गरेर बसेका र सिंहदरवार कब्जा गर्न सडकमा उत्रिएकाहरू सबै देशघातक हुन् । भ्रष्टको जमात हो । यिनीहरूसँग मिलेर राजाले देश बनाउने भन्ने कुरा निराशाजनक छ । नेपालीका लागि नेपाली बिद्रोह आजको आवश्यकता हो ।

## जुवातासले गर्छ सर्वनाश

जुवातासको लतले,

- पारिवारिक कलह, झैझगडा हुनेगर्छ,
- सामाजिक तथा पारिवारिक वातावरण अशान्त र कोलाहलपूर्ण हुन्छ,
- सम्पत्तिको नास र परिवारको बिचल्ली हुनसक्छ,
- सामाजिक र आर्थिक संकट हुनसक्छ,
- पारिवारिक बिखण्डनको सम्भावना बढ्छ,
- सन्ततिहरूसमेत कुलतमा फस्ने सम्भाबना हुन्छ,
- सामाजिक प्रतिष्ठामा आँच आउँछ ।

त्यसैले सम्पत्ति हारजीत हुने जुवा लगायतका खेल नखेलौं, परिश्रममा विश्वास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# गुमेको भूमिबारे नबोल्नेले ग्रेटर नेपाल बोल्ने ?

**दृष्टिकोण**
**उत्तम खत्री**

*५ वर्ष भइसक्यो, भारतले नेपालको कालापानी, लिम्पियाधुरा क्षेत्र भारतको नक्सामा मिलाएको । नेपाल कालापानी क्षेत्र समेटेर नोट छाप्ने बिबाद गरिरहेको छ । गर्नुपर्ने नेपाली भूभाग कसरी सुरक्षित गर्नसकिन्छ, कसरी गुमेका भूभाग फिर्ता ल्याउन सकिन्छ भनेर दर्बिलो कूटनीतिक प्रयासमा लाग्नुपर्नेमा सत्ताको छिनाझप्टीमा राजनीति व्यस्त हुनुले देशको अस्तित्व नै लथालि्ग हुनपुगेको छ ।सं.*

ग्रेटर नेपालबारे किन चुप ? - उत्तम खत्रीको सामयिक प्रश्न हो यो । उहाँ लेख्नुहुन्छ, सोध्नुहुन्छ ?

केही बर्ष अगाडिको कुरा हो, जुन बेला ईन्डियाले अतिक्रमण गरि राखेको नेपालको कालापानी, लिपुलेक, लिम्पियाधुरालाई आफ्नो देखाइ नक्सा बनायो । त्यस क्षेत्रमा सडक आदि पनि बनायो । ईन्डियनहरूको कुकृत्यको नेपाल र बाहिर समेत धेरै बिरोध र भर्त्सना भएको थियो । त्यस बेला रबि लामिछानेजीले न्यूज २४ बाट 'जनता सङ सिधा कुरा' लोकप्रिय कार्यक्रम प्रस्तुत गर्नु हुन्थ्यो । त्यसताका उहाले धेरै महत्त्वको कार्यक्रम प्रस्तुत गर्नुभयो । एक दिन सधाझै आफ्नो सैलिमा ठूलो आबाजमा प्रस्तुति भयो उहाले भन्दै जानू भयो, अब त ज्यादै भयो, ईन्डियाले हामी माथि गर्दै आएको अत्याचार अतिनै भयो। हाम्रो जमिन माथी गरेको अतिक्रमणले सिमा नाघ्यो आदि इत्यादी भने पछि अब हामी चुप लागेर बस्न सक्दैनौ, अब हामी 'ग्रेटर नेपाल' को कुरा उठाउछौ, ईन्डियाले कब्जामा राखिरहेको भुमि फिर्ता लिन्छौ भन्दै धेरै देशभक्तीपुर्ण प्रस्तुती गर्नु भयो ।

म आफै पनि ग्रेटर नेपालको समर्थक भएकोले तथाकथित सुगौलि सन्धी पछि नेपालको आधा जस्तो भुभाग अङ्ग्रेजले लुटेको र सन १९४७ साल पछि ईन्डियाले उक्त लुटिएको नेपालको ति भूभाग फिर्ता गर्नु पर्नेमा, निर्लज्ज तबरले हालसम्म कब्जामा राखेर पनि नपुगेर सके हालको पुरै नेपाल ईन्डियामा बिलय गराउने, सो गर्न नसकेसम्म नेपालका बिदेशिका दलाल नेताहरूलाई हात लिदै नेपाललाई अबिकसित, गरिब अनि अस्थिर राखने अनि अलि अलि गरि दर्जनौ ठाउँमा सिमा मिची रहेको सन्दर्भमा रबि लामिछनेजीले प्रस्तुत गरेको विषयहरू र ग्रेटर नेपाल माथी देखाएको समर्थन देख्दा मलाई अत्यन्त खुसी लग्यो । तर दुखको कुरा रबिजीले ग्रेटर नेपालको समर्थन जनाएको त्यो कार्यक्रम गरेको भोलिपल्ट देखिनै उहाँ न्यूज २४ बाट हराउनु भयो ।

अचम्मको कुरा, रबि लामिछानेजी जस्तो लोकप्रीय पत्रकारले प्रस्तुत गरेको, सिमा मिचिएको समयमा ग्रेटर नेपालको नक्सा स्टुडिओको भित्तामा टाङ्दै गरेको सन्कल्प, प्रतिज्ञा न्यूज २४ टेलिभिजनमा हजारौ, लाखौ नेपालीले अबस्य हेरेको हुन पर्छ । तर ग्रेटर नेपालको नक्सा टाङेको दोस्रो दिन बाट रबिजी टेलिभिजन कार्यक्रम बाट्नै हटाइनु र नेपालमा यसबारे केही टिप्पणी, चर्चा समेत नहुनु र अहिले आएर मेयर बालेनजीले आफू नेपालमा नभएको समयमा र श्रीमतीको औसधोपचारको लागि ईन्डियानै पुगेको समयमा ग्रेटर नेपालको नक्साले यत्रो भयानक हङ्गामा ल्याउनुमा बिदेशीको षड्यन्त्र पनि हुन सक्ने सम्भाबना देखिन्छ । बालेन्द्रजीले नेपालको लुम्बिनी तथा कपिलबस्तुलाई ईन्डियाको साम्सद भबनमा हालै स्थापित गरिएको मुरल नक्सामा पारिएको बिरोधमा आफ्नो कार्यकक्षमा ग्रेटर नेपालको नक्सा टाङ्न लगाउनु भएको हो । तर बालेनजी लाई थाह नदिइ यस कार्यमा ईन्डियाले ठुलो षड्यन्त्र रचेको हुन पनि सक्छ । कारण, ईन्डियाले आफूले अङ्ग्रेजबाट सन १९४७ मा स्वतन्त्रता पाए देखि नेपाललाइ ईन्डियामा बिलय गराउन निरन्तर षड्यन्त्र र प्रयास गर्दै आएको छ । यस कामको लागि ईन्डियाको प्रथम प्रधान मन्त्री नेहरूले राजा त्रिभुवनबाट नेपाललाई आफ्नो अधिनमा राख्न धेरै कोसिस गरे । त्यस पछि राजा महेन्द्रलाइ सोही कामको लागि नेहरू र उनको छोरी इन्दिरा गान्धिले धरै प्रयास गरिन् । बरू राजा महेन्द्रले ईन्डियाको दुस्प्रयासबाट टाढा राख्दै नेपाललाइ बिश्वमा एक स्वतन्त्र र बिकासोन्मुख देशको रूपमा चिनाए । राजा बिरेन्द्रलाई पनि ईन्डियन नेताहरूले आफ्नो छाता मुनि राख्न अनेकौ प्रभोलन तथा त्रास समेत देखाउदै प्रयास गर्दै रहे । राजा बीरेन्द्रले आफ्नो देशको स्वाभिमान प्रती सम्झौता गर्नु भन्दा बरू नेपाली जनताको इच्छा अनुसारको बहुदलीय प्रजातान्त्रिक ब्यबस्थापन गरिदिए । अन्तमा राजा ज्ञानेन्द्रले पनि जनताको नासो जनतालाई नै बुझाइदिन्छु भन्दै राजगद्दी छोडी दिए ।

गत सत्तरी, असी बर्ष देखि ईन्डियन नेताहरूले दलाली योग्यहरूलाई छानी छानी प्रजातन्त्रको नाममा आफ्नो स्वार्थमा प्रयोग गर्दै अनि छाद्‌डै नेपाललाई अस्थिर र अबिकसित राख्नमा सफल हुँदै आए । तर यतिका बर्षमा पनि नेपाललाइ आफुमा बिलय गराउन असफल भए पछि ईन्डियन नेताहरूलेनै ग्रेटर नेपालको खेल खेल्ने रणनीति सुरू गरेको त होइन ? कारण ग्रेटर नेपालको भूमि ईन्डियाको बङ्गाल, बिहार, उत्तर प्रदेश, उत्तराखन्ड आदि राज्यहरूमा गत २०७ बर्ष देखि उनिहरू रहदै आएको हुदा तिनको जनसन्ख्या नेपालको भन्दा दस गुणा भैसक्यो । ग्रेटर नेपाल भित्रका जनतामा भोट गराउने र नेपाली जनसंख्यालाई अल्प मतमा पारी नेपाललाई पनि सिक्किम जस्तो ग्रेटर नेपाल भित्रका प्रदेशहरू बनाउने, नेपाललाई ईन्डियामा बिलय गराउनको लागि नया रणनीतिक चाल सुरू गरेको पनि हुन सक्छ । त्यसकारण नेपाल र नेपालीको हित चाहने सबैले यस विषयमा सबै तिरबाट सोच्न पर्ने मेरो सुझाव छ । बालेनजीको ग्रेटर नेपालको नक्साले यति ठूलो समर्थन र चर्चा पायो, सबैले एकपटक सोँच्न आबस्यक छ । मैले बालेनजीको कामकारबाहीमा सन्देह गरेको चाहिँ होइन । तर हामी चुप रहनु भएन ।

Today, US Election Day

# Harris or Trump?

World Watching Closely

**major national polls and swing state surveys shows the race between Vice President Kamala Harris and former President Donald Trump is as tight as it's ever been.**



